जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक ३४ • २०८० साल असार ८ गते शुक्रबार (23 June, Friday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# जग्गा विवादमा वृद्धको हत्या, दुई जनामाथि जाहेरी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा जग्गा विवादमा एकजना वृद्धको हत्या भएको छ ।

क्षीरेश्वरनाथ नगरपालिका - ९ कुम्हरौलमा पर्ने जनकपुरधाम-ढल्केवर राजमार्गमा दुई पक्षबीच विवाद हुँदा ७० वर्षीय भोला ठाकुर बरहीको मृत्यु भएको छ ।

जानकी मेडिकल शिक्षण अस्पताल रमदैयामा उपचारको क्रममा उनको बुधबार राति मृत्यु भएको धनुषाका प्रहरी नायव उपरीक्षक (डिएसपी) वेदप्रसाद गौतमले जनाएका छन् ।

गौतमका अनुसार मृतक भोला दमका रोगी थिए । विवादमा बटेश्वर गाउँपालिका ५ शान्तिपुरका सुनिल साहले कोदालोले प्रहार गर्न भन्दै धक्काधुक्की दिएको बताइएकोछ । यद्यपि अर्को पक्षले होहल्ला मात्रै भएको र कुटपिट नभएको दाबी गर्दै आएका छन् ।

अहिले मृतक भोलाको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको छ । प्रहरी घटनास्थल पुगेर मुचुल्का उठाएको डीएसपी गौतमले बताए ।

मृतक भोलाका छोरा श्याम शर्माले इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरमा जाहेरी दिएका छन् ।

उनले सुनिल साह र अनिल चौधरीलाई विपक्षी बनाइ ज्यान मार्ने सम्बन्धी मुद्दा दर्ताका लागि जाहेरी दिएको बताएका छन् ।

जाहेरी परेको प्रहरीले पनि पुष्टी गरे । तर यस विषयमा आवश्यक अनुसन्धान गरी मात्रै आरोपिमाथि मुद्दा चलाउने प्रहरीको तयारी छ ।

पोष्टमार्टमको रिर्पोटपछि मात्र अनुसन्धानको प्रक्रिया निष्कर्षमा पुग्न सक्ने प्रहरीको कथन छ । रोगले मृत्यु भएको अवस्थामा हत्याको जाहेरी दर्ता नहुने अधिकारीहरुले जनाएका छन् ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा सयौं स्थानीय वासिन्दाहरुले मुद्दा दर्ताको माग गर्दै प्रदर्शनसमेत गरेका थिए । उनीहरुले ठाकुरको हत्यामा साह र चौधरीको संलग्नता रहेको आरोप लगाएका छन् ।

# नागरिकता ऐन कार्यान्वयनको बाटो खुल्यो

## माइतीघरको धर्ना हट्यो, अनागरिकहरुमा खुशियाली

**टुडे समाचारदाता**

काठमाण्डु । सर्वोच्च अदालतले नागरिकता सम्बन्धी ऐन कार्यान्वयनमा लगाएको अल्पकालीन रोक हटेपछि अनागरिकहरुका लागि नागरिकताको बाटो खुलेको छ ।

सर्वोच्च अदालतले नागरिकता विधेयक प्रमाणीकरणविरुद्ध जारी गरेको अल्पकालीन अन्तरिम आदेशलाई बिहीबार निरन्तरता नदिने आदेश गरेको छ । अदालतले अन्तरिम आदेशलाई निरन्तरता नदिएसँगै ऐन कार्यान्वयनको बाटो खुलेको छ ।

न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र कुमार रेग्मीको इजलासले यसअघिको अन्तरिम आदेशलाई निरन्तरता नदिने निर्णय गरेको छ । गत जेठ २१ गते न्यायाधीश डा.मनोजकुमार शर्माको इजलासले कारण देखाउ र अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो ।

गत जेठ १७ मा राष्ट्रपति रामचन्द्र पौडेलले विधेयक प्रमाणीकरण गरेका थिए । उक्त प्रमाणीकरणको विरुद्धमा वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी र बालकृष्ण न्यौपानेले सर्वोच्च अदालतमा रिट दर्ता गराएका थिए ।

नागरिकता सम्बन्धी ऐन प्रमाणीकरण भएको भोलिपल्ट नागरिकताका लागि सिफारिस गराउनेहरुको भीड वडा कार्यालयहरुमा भएको थियो । तर वडा कार्यालयले उनीहरुलाई सिफारिस दिन अनाकानी गरेकाले देशभरि नै ९ वटा नागरिकता मात्र बनेको थियो ।

नागरिकता सम्बन्धी ऐनको कार्यान्वयनमा लगाइएको रोक फुकुवा गराउन काठमाण्डुको माइतीघर मण्डलामा अनागरिकहरुले धर्ना दिदै आएका थिए ।

अंगीकृत नागरिकका सन्तानलाई नयाँ कानुन अनुसार वंशज नागरिकता प्रदान गरिनेछ । उनीहरुले त्यसका लागि वडा कार्यालयबाट सिफारिस सहितको



निवेदन जिल्ला प्रशासन कार्यालयमा दिनुपर्नेछ ।

गत वर्ष नै संघीय संसदबाट दुई पटक पारित भएको नागरिकता सम्बन्धी विधेयकलाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गर्न अस्वीकार गरेकी थिइन् । संसदबाट पहिलो पटक पारित भएको नागरिकता सम्बन्धी विधेयक पुनःसंसदमा राष्ट्रपति भण्डारीले फर्काएकी थिइन् । तर दोस्रो पटक पनि पारित भएर आएपछि उनले प्रमाणीकरण नगरिकन अलपत्र छाडेकी थिइन् । राष्ट्रपतिको कार्याकाल पूरा गरिसकेकी भण्डारीपछि राष्ट्रपति बनेका पौडेलले सो विधेयक प्रमाणीकरण गरेका थिए ।

नयाँ ऐनमा वैवाहिक अंगीकृत नागरिकताका लागि पूर्ववत रहेकै व्यवस्था राखिएको छ । एमालेले वैवाहिक अंगीकृत नागरिकता पाउन ७ वर्षको समयसीमा निर्धारण गर्नुपर्ने माग गर्दै आएको थियो । निवर्तमान राष्ट्रपति भण्डारीले एमालेको मागसहितको सुझाव दिएर ऐनमा संशोधन गर्न संघीय सांसदलाई भनेकी थिइन् । तर उनको सुझावलाई संघीय संसदले अस्वीकार गरेको थियो ।

नेपालमा कम्तीमा ७ लाख किशोरकिशोरी अनागरिकको अवस्थामा छन् । आमाबुवा नागरिक रहे पनि सन्तान अनागरिक रहँदा उनीहरुको शिक्षालगायतका क्षेत्रमा नकारात्मक प्रभाव परिरहेको थियो ।

काठमाण्डुमा धर्नामा बसेका किशोरकिशोरीहरुको मागको समर्थन नेपाली कांग्रेस, जनता समाजवादी पार्टी(जसपा), माओवादी केन्द्र लगायत दलका केही नेताहरुले गरेका थिए । माओवादी केन्द्रका नेता रामकुमार शर्माले धर्नामा बस्दा बेहोस भएका थिए ।

राष्ट्रिय मानवअधिकार आयोगले पनि नागरिकता सम्बन्धी अधिकार खोस्न नहुने धारणा सार्वजनिक गरेको थियो ।आयोगले प्रेस विज्ञप्ति नै जारी गर्दै अनागरिक बनाएर कसैलाई राख्न नमिल्ने जनाएको थियो । सर्वोच्चको आदेश आउनु अगावै आयोगको विज्ञप्ति आएपछि त्यसले मानवअधिकारको सम्मानको पक्षमा वातावरण बनाएको थियो ।

सर्वोच्च अदालतको आदेशपछि शुक्रबारदेखि नागरिकता वितरणमा फेरि कुनै समस्या सिर्जना गरेर रोकिने त्रासबाट पीडितहरु मुक्त भएका छन् । उनीहरुले धर्ना स्थलमा खुशियाली मनाएका छन् ।

धनुषामा वैवाहिक अंगीकृत नागरिकताको विरोध गरेका एमालेका नेता रघुवीर महासेठ र नेतृ जुली महतो नै प्रतिनिधि सभामा निर्वाचित भएका हुन् । नागरिकता ऐन कार्यान्वयनमा आएसँगै गैर आवासीय नेपाली(एनआरएन)ले पनि नागरिकता पाउने छन् । तर उनीहरुले नागरिकता पाए पनि मताधिकार र प्रशासनिक अवसर पाउने छैनन् ।

नागरिकता ऐनबाट प्रत्यक्ष लाभान्वित हुनेमा अंगीकृत नागरिकका सन्तान, एनआरएन हुन् । वैवाहिक अंगीकृत नागरिकता पूर्ववत नै 'एक हातमा सिन्दूर र अर्को हातमा नागरिकता'को प्रावधान यथावत रहेको छ ।

वैवाहिक अंगीकृत नागरिकताका लागि ७ वर्षको समयसीमा निर्धारण गर्नुपर्ने एमालेको चाहनालाई ऐनले पूरा हुन दिएन् ।






# करोडौँको योजना अलपत्र

रञ्जन यादब

कलैया । बाराको जितपुर सिमरा उपमहानगरपालिकामा वडा नं. ५ बकुलियामा २० वर्ष अघि बनेको खानेपानीटंकी अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बाराले ५ करोड र स्थानीय पालिका र अन्य निकायबाट सोलार प्लान्टसमेत निर्माण भएको खानेपानी आयोजना पाइपलाइन विस्तार नहुँदा सञ्चालनमा आउन नसकेको छ ।



विगतमा सडक बाटो घाटो नबने पनि हाल स्थानीय सरकारको पहिलो काम नै सडक ढलान भएका कारण जतातते ढलान र कालोपत्रे भएपछि अब त जनश्रमदानबाट पाइपलाइन विस्तार कठिन बनेको छ ।

करोडौँको आयोजना बनेर पनि सञ्चालनमा आउन नसक्दा यहा"को ठूलो जनसंख्या स्वच्छ खानेपानीबाट बञ्चित बनेका छन् । स्वच्छ खानेपानी नहुँदा उनीहरु आर्सेनिक युक्त ट्यूबेलको पानी पिउन बाध्य हुँदै आएका छन् । पूर्व वडाअध्यक्षसमेत रहेका स्थानीय मोहित चौधरीले पाइपलाइन विस्तार हुन नसक्दा खानेपानीको ओभरहेडटंकी बनेको २५ वर्ष नाघे पनि सञ्चालनमा आउन नसकेको बताए।

# कार्यवाहक वडाध्यक्षमा रामपरी

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको



नगराईन नगरपालिका- २ मा कार्यवाहक वडाध्यक्षको जिम्मेवारी रामपरी मण्डललाई दिइएको छ । विहीबारदेखि उनले कार्यभार सम्भालेकी छन् । यसअघि उनी सोही वडाका वडासदस्य थिइन् ।

वडाध्यक्ष बुलन यादव र वडा सचिव अमृतनारायण मिश्र गत जेठ ३१ गते ७० हजार रुपैयाँ घुससहित पक्राउ परेका थिए । त्यसपछि वडा कार्यालय संचालनमा समस्या उत्पन्न भएको थियो । विकास र जनताको काम अवरोध नहोस् भनेर उनलाई कार्यवाहक वडाध्यक्षको जिम्मेवारी दिइएको छ ।

अख्तियारमा मुद्दा फैसला वा वडाध्यक्षले सफाइ नपाएसम्मको लागि मण्डललाई वडाध्यक्षको जिम्मेवारी दिइएको छ । कर्मचारीहरुले कार्यवाहक वडाध्यक्ष रामपरीले स्वागतसमेत गरेका थिए ।

# पूर्ण विद्युतीकरण प्रदेश घोषणाको तयारी

वीरगञ्ज । मधेश प्रदेशको शतप्रतिशत गाउँबस्तीमा विद्युत् सेवा पुगेको छ । प्रदेशका सबै टोलबस्तीमा विद्युत् सेवा पुगेसँगै मधेस प्रदेशलाई पूर्ण विद्युतीकरण प्रदेश घोषणा गर्ने तयारी गरिएको छ । विद्युत प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालय जनकपुरधामका प्रमुख ई मुनिन्द्र ठाकुरले अघिल्लो आर्थिक वर्ष २०७८/७९ सम्म मधेस प्रदेशका ९९ प्रतिशत बस्तीमा विद्युत् सेवा पुगेको जानकारी दिनुभयो । "बाँकी रहेको एक प्रतिशत घरमा चालु आर्थिक वर्ष २०७९/८० मा विद्युत पुर्‍याएपछि प्रदेशका शतप्रतिशत बस्तीमा विद्युतीकरण पुगेको छ", उहाँले भन्नुभयो ।



प्रमुख ठाकुरले केही दिनमा प्रदेशलाई 'शतप्रतिशत विद्युतीयकरण प्रदेश'घोषणा गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । प्रदेशका सबै गाउँबस्तीमा विद्युतीकरण सकिएपछि सिँचाइ कार्यक्रममार्फत किसानको खेतबार ीसम्म विद्युत् पुर्‍याउने अभियान सुरु गरिएको उहाँले बताउनुभयो ।

विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षदेखि रू ५५ करोड बराबरको सिञ्चाइ पूर्वाधार कार्यक्रमका लागि स्थानीय सरकारसँगको सहकार्यमा सिँचाइ विद्युतीकरण सुरु गरेको छ । "उक्त कार्यक्रमअन्तर्गत स्थानीय सरकारले आफ्ना पालिकाभित्रका किसानलाई निःशुल्क बत्ती दिने र सिँचाइ बत्ती महसुलबापतको रकम स्थानीय तहले प्राधिकरणलाई बुझाइने व्यवस्था गरेको छ", प्रमुख ठाकुरले भन्नुभयो । हालसम्म सिँचाइ पूर्वाधार कार्यक्रमका लागि धनुषा, महोत्तरी, सर्लाही र रौतहट जिल्लाका ८० स्थानीय तहले निःशुल्क सिँचाइ बत्ती पुर्‍याउन निर्णय गरेर पठाएको उहाँले बताउनुभयो ।

सिँचाइ मिटर प्रयोग गर्ने किसानलाई प्रतियुनिट रू दुईका दरले मात्र महसुल तिराउने नीति लिएर विद्युत् प्राधिकरणले सिँचाइ विद्युतीकरण सुदृढीकरण कार्यक्रमका लागि रू पाँच अर्ब बजेट छुट्याएको जनाएको छ । प्राधिकरणले विद्युत् चुहावट नियन्त्रण अभियानअन्तर्गत हुकिङ नियन्त्रण, ग्राहकको बिलिङमा सुधार, लामो समयदेखि बन्द रहेको मिटर परिवर्तन र विद्युत् रिडिङमा सुधारलगायत कार्यक्रम सञ्चालन गर्दै आएको छ । उक्त कार्यक्रम पश्चात् प्राधिकरण सेवा विस्तार प्रणाली सुदृढीकरण भएको र निरन्तर विद्युत् चुहावट घट्दै गएको प्रमुख ठाकुरले जानकारी दिनुभयो ।

मधेश प्रदेशमा गत आर्थिक वर्ष २०७७/७८ मा १६ दशमलव ५४ प्रतिशत विद्युत् चुहावट हुँदै आएकामा आर्थिक वर्ष २०७८/७९ मा १४ दशमलव १७ प्रतिशतमा चुहावट झरेको विद्युत् प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालय जनकपुरधामले जनाएको छ ।

सबैभन्दा बढी सर्लाहीको मलङ्गवा र सिमरौनगढ क्षेत्रमा ४१/४१ प्रतिशत, महोत्तरीको जलेश्वर, रौतहटको मौलापुर तथा गौर क्षेत्रमा ३५/३५ प्रतिशत विद्युत् चुहावट हुँदै आएको थियो ।

औद्योगिक ग्राहक धेरै रहेकाले बाराको सिमरा वितरण केन्द्रको विद्युत् चुहावट भने शून्य दशमलव ३२ प्रतिशत रहेको जनाएको छ । चुहावट नियन्त्रण अभियानका क्रममा हुकिङ गर्ने दुई हजार ४३ जनालाई पक्राउ गरी कारबाही गरिएको प्रादेशिक कार्यालय जनकपुरधामले जनाएको छ । मधेश प्रदेशमा लामो समयदेखि विद्युत् महसुल नतिर्ने २२ हजार छ सय ६३ ग्राहकको विद्युत लाइन काटिँदा १८ हजार आठ सय २९ ग्राहकले पुनःविद्युत् जडान गराएका प्रमुख ई ठाकुरले बताउनुभयो । उहाँका अनुसार पुनःविद्युत् जडानबाट रू एक अर्ब ४३ लाख ४३ हजार एक सय १५ बक्यौता असुली भएको छ ।

विद्युत् मिटर लिएर बिजुली उपभोग गर्ने तर लामो समयसम्म महसुल नबुझाउने प्रवृत्ति बढेकाले विद्युत् लाइन कट्टा गर्ने अभियान चलाएको प्रमुख ई ठाकुरको भनाइ छ । चालु आर्थिक वर्ष २०७९/८० को हालसम्म मधेस प्रदेशमा रू १४ अर्ब ३३ करोड मूल्य बराबरको विद्युत् बिक्री हुँदा रू १२ अर्ब ९३ करोड महसुल सङ्कलन भएको उहाँले जानकारी दिनुभयो ।

"मधेश प्रदेशमा चालु आर्थिक वर्ष २०७९/८० मा ६१ हजार सात सय ६३ नयाँ ग्राहक थपिएका छन् । योसँगै प्रदेशमा ग्राहकको सङ्ख्या दश लाख ४४ हजार सात सय ८६ रहेका छन्", प्रमुख ठाकुरले भन्नुभयो । विसं २०७८ देखि अनलाइनबाट विद्युत् महसुल बुझाउनका लागि अनलाइन सेवा सुरु गरेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार कुल ग्राहकमध्ये हाल २६ प्रतिशतले अनलाइन सेवामार्फत विद्युत महसुल तिर्दै आएका छन् । रासस

# 'संघीयता र नागरिकता विधेयक विरोधी छैनौं'



टुडे समाचारदाता

जनकपुरधाम । रवि लामिक्षाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी पार्टी (रास्वपा)का मधेश प्रदेश समितिले संघीयता र नागरिकता विधेयकको विषयमा प्रष्टीकरण दिएको छ ।

बिहीबार जनकपुरधाममा वार्षिक उत्सवको अवसरमा आयोजित चियापान कार्यक्रममा सो प्रष्टीकरण दिइएको छ ।

मधेश प्रदेश समितिका सभापति इन्जिनियर तपेश्वर यादवले रास्वपा संघीयता र नागरिकता विधेयकको विरोध नगरेको बताएका छन् ।

उनले प्रदेशमा सांसदको संख्या घटाउनुपर्ने र प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री हुनुपर्ने रास्वपाको माग गरेको जिकिर गरे ।

'हामीले संघीयताको विरोध गरेका छनौं । संघीयताको नाममा भइरहेको फजुल खर्च रोक्नुपर्ने भनेका छौं,'उनले भने,'केही सांसदको संख्या घटाउनु पर्छ र प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री हुनुपर्ने हाम्रो एजेण्डा हो ।'

यस्तै उनले नागरिकता विधेयकको पनि विरोध नगरेको दोहऱ्याए । देशमा विधिको साशन हुनुपर्ने उनको भनई छ । संसद हुँदा हुँदै संसदमा प्रवेश नै नगरीकन अघिल्लो सरकारले पास गरेको नागरिकता विधेयक प्रमाणीकरण गराउनु गलत रहेको उनले बताए । जन्मसिद्ध नागरिकले नागरिकता पाउनुपर्ने रास्वपाको पनि माग रहेको उनको दाबी छ ।

रास्वपा मधेश प्रदेशका महामन्त्री मनिष कुमार साहले पार्टीलाई कमजोर बनाउन मधेशमा विभिन्न भ्रम फैलाइएको बताए ।

पार्टीको उत्साह देखेर मधेशकै पार्टीहरुले सो भ्रम फैलाइएको उनको कथन छ । पार्टीले आगामी निर्वाचनमा तीनै तहमा उम्मेदवारी दिने उनले बताए ।

रास्वपामा लागेका ९० प्रतिशत सदस्य दक्ष एवम् साक्षर रहेको धनुषा संयोजक जयप्रकाश महतोले बताए ।

# युवा लक्षित बजेट ल्याउन ज्ञापन

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको सबै स्थानीय तहमा युवा लक्षित बजेट ल्याउन माग गरिएको छ । जिल्ला युवा सञ्जाल धनुषाले सो माग गर्दै जिल्ला समन्वय समितिलाई ज्ञापनपत्र बुझाएको छ ।



बिहीबार सञ्जालका अध्यक्ष कुलदीप साहले समितिको सभापति राजनन्दन मण्डललाई ज्ञापनपत्र बुझाएका छन् । समन्वय समितिमार्फत धनुषाको १८ औं पालिकामा सो पत्रबारे ध्यानाकर्षण गराइने छ । पत्रमा सवारी दुर्घटना न्यूनीकरण, युवा सशक्तिकरण, महिला हिंसा न्यूनीकरण, मानव अधिकार, युवा बहस, जनचेतना मूलक कार्यक्रममा युवा लक्षित बजेट विनियोजन गर्न सुझाब दिइएको छ । एचआइभी एड्स जस्ता समास्याहरुलाई न्यूनीकरण गर्ने लगायत शीर्षकमा योजना बनाइ बजेट विनियोजन गर्दा उपयोगी हुने पत्रमा उल्लेख छ ।

स्थानीय तहहरुले युवामैत्री बजेट निर्माण नगर्दा युवाहरुले गलत बाटोमा लागेको पत्रमा जिकिर गरिएको छ । पालिकाहरुले वर्तमान युवाहरुमा देखिएको समस्याप्रति जिम्मेवार नरहेको र धेरै संख्यामा युवाहरु प्रभावित हुने गरेका छन् ।

# करदाता शिक्षा कार्यक्रम

टुडे समाचारदाता

रौतहट । बौधीमाइ नगरपालिकामा करदाता सेवा कार्यालय गौर रौतहटको आयोजनामा करदाता शिक्षा कार्यक्रम सम्पन्न भएकोछ। वर्तमान करको व्यवस्था तथा आर्थिक विधेयक ०८० मा भएका छुटसहुलियतहरु,करको सामान्य जानकारी ,आयकर ईटिडिएसको फाइदा,बजार अनुगमन,टिडिएस,जरिवाना र ब्याजहरू लगायतको बारेमा जानकारीमूलक करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ।




स्वेच्छिक कर सहभागीतामा अभिवृद्धिःसुशासन,विकास र समृद्धि भन्ने मूल नाराका साथ भएको करदाता शिक्षा कार्यक्रमको अध्यक्षता करदाता सेवा कार्यालय रौतहटका प्रमुख पप्पु गुप्ताले गरेका थिए। कार्यक्रममा करदाता कार्यालयका कर्मचारी प्रमोद कुमार सिंहले विस्तृत रूपमा सहजीकरण गरेका थिए।

कार्यक्रममा नगरप्रमुख प्रदीप यादवले करको नाउँमा व्यापारीहरू लाइ दुःख दिन नमिल्ने बताए। कर कार्यालय बाट बजार अनुगमन गर्दा स्थानीय सरकारसंग समन्वय गरेर अनुगमन गर्न आग्रह गरे। व्यापारीहरूलाई मूल धारमा ल्याउन स्थानीय सरकारबाट हुनसक्ने सहयोग गर्न तयार रहेको बताए । नगर प्रमुख यादवले राष्ट्रको विकासमा करको योगदान रहेकाले सबै आ आफ्नो ठाउँबाट कर तिर्नुपर्ने बताए । व्यवसायीहरूले पनि समयमा कर तिर्नुपर्ने र करको नियमको पालना गर्नुपर्नेमा जोड दिदैं सबैलाई करको दायरामा ल्याएर राज्यलाई समृद्धिको यात्रामा सफल पार्नुपर्ने धारणा राखे उद्योग वाणिज्य संघ रौतहटका अध्यक्ष पंण्डित प्रसाद जयसवालले करदाता शिक्षा कार्यक्रमलाई चेतावनीको रुपमा लिन आग्रह गरे।

राज्यलाई कर तिर्नैपर्छ,करले नै राज्य चल्छ त्यसैले हामी आफ्नो जिम्मेवारी बाट पछि हट्नु हुँदैन्,र सरकारको तर्फ बाट पनि व्यापारीहरुले पाउने सेवा सुविधा दिनु पर्दछ,व्यापारीहरुले सोचेर सम्झेर व्यवसाय गरौं,व्यवस्थित रूपमा व्यवसाय गर्ने बानी बसालौं भनेर उनले आग्रह गरे। उनले कर तिर्ने सहज वातावरणको सिर्जना गरी करदाताको सम्मान हुनुपर्ने बताए।

# इनारमा पुरुषको शव भेटियो




टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको ढल्केवरमा इनारभित्र एक पुरुषको शव भेटिएको छ ।

बिहीबार बिहान ढल्केवरस्थित एभरेष्ट आयल स्टोर नजिक रहेको इनारभित्र एक पुरुषको शव भेटिएको छ।

इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक कवीन राईले इनारभित्र पहिचान खुल्न नसकेको अन्दाजी ३५ वर्षका एक जना पुरुष व्यक्तिको शव भेटिएको बताए ।

सशस्त्र प्रहरीको सहयोगमा शवलाई इनारबाट बाहिर ल्याएर पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ । शवको प्रकृतिबारे तत्काल यकिनसाथ भन्न नमिल्ने बताउँदै उनले घटनासम्बन्धमा अनुसन्धान भइरहेको जानकारी दिए ।

मेशीन बिक्रीमा
Used CNC Wood curving machine
Price only 680000



सम्पर्क
विदेह नगरपालिका, तिनकोरिया चोक
मो.नं. : ९८६६३९३५६४

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : वाद विवादबाट बच्नु । |
| बृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : धन बृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ईसेवा मनि ट्रान्स्फरद्वारा घर हस्तान्तरण



**टुडे समाचारदाता**

काठमाण्डु । ईसेवा मनि ट्रान्स्फरले मेरो डिजिटल देश अभियान अन्तर्गत भाग्यशाली विजेता पूर्ण बहादुर श्रेष्ठलाई घर हस्तान्तरण गर्ने विशेष कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा ईसेवा मनि ट्रान्स्फरका ब्राण्ड एम्बेष्डरहरू र कम्पनी व्यवस्थापन समितिको उपस्थितिमा सम्पन्न भएको थियो ।

ईसेवा मनि ट्रान्स्फरले जेठ १२ मा आफ्नो आधिकारिक फेसबुक र टिकटक पेज बाट प्रत्यक्ष डिजिटल गोला प्रथामार्फत "मेरो डिजिटल देश" अभियानको विजेता घोषणा गरेको थियो जसमा ८ वर्षदेखि युएइमा कार्यरत श्रेष्ठ बम्पर पुरस्कारको भाग्यशाली विजेता बन्न सफल भएका छन् ।

ईसेवा मनि ट्रान्स्फरका निर्देशक डेनियल डी श्रेष्ठले हस्तान्तरण कार्यक्रममा विजेता पूर्णबहादुर श्रेष्ठलाई बधाई तथा शुभकामना व्यक्त गरे । कार्यक्रममा उनले भने,'नेपालमा क्यासलेस अर्थतन्त्र बनाउन निरन्तर लागिरहेको एफवान सफ्ट ग्रुप अन्तरगतको कम्पनी इसेवा मनि ट्रान्स्फरले रेमिट्यान्सलाई पनि डिजिटल बनाउने अभियान सञ्चालन गरिरहेको छ ।

यस अभियानप्रति सहयोग र हौसला प्रदान गर्ने सबै नेपालीहरूलाई धन्यवादसमेत दिए । आगामी दिनमा पनि कम्पनी,डिजिटल रेमिट्यान्सलाई प्रभावशाली बनाउनका निम्ति निरन्तर लागि रहनेछ भन्ने विश्वास दिए । ईसेवा मनि ट्रान्स्फरले वैधानिक रेमिट्यान्सलाई प्रोत्साहन गर्ने उद्देश्यले 'मेरो डिजिटल देश' अभियान सार्वजनिक गरेको थियो । डिजिटल रेमिट्यान्सलाई प्रोत्साहन गर्दै आएको कम्पनीले 'मेरो डिजिटल देश' अभियान अन्तर्गत विश्वका जुनसुकै मुलुकमा रहेका नेपालीले, नेपालमा इच्छाएको व्यक्तिको बैंक खाता वा इसेवा वालेटमा पैसा पठाउँदा एक जनालाई बम्पर उपहार स्वरुप काठमाण्डुमा साढे दुई तल्लाको घर दिने घोषणा गरेको थियो ।

७ असोजदेखि जेठ ६ गतेसम्म रेमिट्यान्स पठाउने व्यक्तिहरू यस अभियानमा सहभागी भएका थिए । 'मेरो डिजिटल देश' अभियान अन्तर्गत हरेक महिना सेवाग्राहीको घरसम्म पुगी आकर्षक उपहारसमेत प्रदान गरेको थियो । कार्यक्रममा बोल्दै ईसेवा मनि ट्रान्स्फरका प्रमुख कार्यकारी अधिकृत अजेश कोइरालाले बम्पर पुरस्कारको रूपमा सपनाको घर जितेकामा श्रेष्ठ र उनको परिवारलाई बधाई दिँदै भने ' हामीले जुन उद्देश्यका साथ यो अभियान सञ्चालन गरेका थियौं, यसमा नेपाली दाजुभाइ तथा दिदिबहिनीहरूको उत्साहजनक सहभागिता रह्यो ।

आगामी दिनमा पनि 'मेरो डिजिटल देश' अभियानलाई निरन्तरता दिँदै वैधानिक रेमिट्यान्सलाई प्रोत्साहन गर्नुहुनेछ भन्ने अपेक्षा राखेका छौं ।

एफवानसफ्ट ग्रुपका अध्यक्ष विश्वास ढकालले पनि यो अभियानप्रति खुशी व्यक्त गर्दै डिजिटल रेमिट्यान्सको महत्व र यसले राष्ट्रिय अर्थतन्त्रमा पार्ने सकारात्मक प्रभावबारे बताए । उनले आप्रवासीहरुको यात्रा, विदेशिएका नेपालीहरूका लागि सहयोग तथा सम्मानका विषयमा आफ्नोधारणा राखे।

हस्तान्तरण कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रामुपौडेलले रेमिट्यान्स आप्रवाहमानेपाल जस्ता मुलुकमा आर्थिक समृद्धिको लागि औपचारिक रेमिट्यान्सको महत्वमा जोड दिए । उनले रेमिट्यान्सले कसरी राष्ट्रको विकासमा प्रत्यक्ष योगदान पुर्‍याउन सक्छ र आप्रवासीहरूले गरेकोबहुमूल्य प्रयासलाई स्वीकार गर्दै यसक्षेत्रलाई प्राथमिकतामा राख्नुपर्नेआवश्यकता दर्शाए ।

बम्पर पुरस्कार विजेता पूर्ण बहादुर श्रेष्ठले विजेता चुनिएकोमा अत्यन्तै खुशी र कृतज्ञता व्यक्त गरे । आफ्नो जीवनका मूल्यवान ८ वर्ष युएईमा आफ्नो परिवारलाई राम्रो जीवन प्रदान गर्न लगनशीलताका साथ काममा समर्पित गरेका श्रेष्ठले नयाँ घर जित्न पाउँदा पूर्णरूपमा आश्चर्यचकित भएको र आफूलाई चमत्कार जस्तो महसुस भएको बताए । उनले आफ्नो सपनालाई साकार तुल्याएकोमा इसेवा मनि ट्रान्स्फरलाई हार्दिक धन्यवाद व्यक्त गर्दै योजना मा संलग्न सबैलाई धन्यवाद दिए।

इसेवा मनि ट्रान्स्फरले परम्परागत शैली तथा डिजिटल माध्यमबाट इसेवा वालेटका ७५ लाख भन्दा बढी प्रयोगकर्ताहरु र कुनै पनि बैंक तथा वित्तिय संस्थाको खातामा विप्रेषण रकम भित्र्याउँदै आएको छ । इसेवा मनि ट्रान्स्फरले सेवा ग्राहीहरुलाई आफ्ना १३ हजार ८०० भन्दा बढी भुक्तानी केन्द्रत थाइ सेवाका एक लाख भन्दा बढी क्यासप्वाइन्टमार्फत पनि विप्रेषण भुक्तानी सेवा प्रदान गर्दै आइरहेको छ ।

सन २०१९ मा नेपाल राष्ट्रबैंकबाट स्वीकृति प्राप्त इसेवा मनि ट्रान्सफर,देशभरका एक करोड ६० लाख भन्दा बढी जनसंख्या र एक लाख बढी संस्थाहरुलाई फिनटेकमा आधारित भुक्तानी सेवाहरुकोमाध्यमबाट सशक्त बनाउँदै आएको एफवान सफ्ट ग्रुपको भगिनी कम्पनी पनि हो ।

# नहरमा पानी दिन आलटालले गर्दा किसान मर्कामा

**टुडे समाचारदाता**

कलैया । नेपाल र भारत सरकारबीच भएको गण्डक सम्झौता अनुसार पानी दिन वर्सेनि आलटाल गर्दा बारा,पर्साका किसानहरू मर्कामा परेका छन् ।

दुई देशबीच भएको सम्झौता अनुसार भारतीय पक्षले नेपालको लागि वार्षिक ८५० क्युसेक पानी नहरको माध्यमबाट दिनुपर्ने उल्लेख छ । तर, सम्झौता अनुसार पानी नदिएका कारण किसानहरु मर्कामा परेका छन् ।

कृषि उत्पादन अभिवृद्धि गर्ने र स्थानीय कृषकहरूको जीवनस्तर बढाउने उकास्ने उद्देश्यले नारायणी नदीको पानीलाई गण्डक ब्यारेज निर्माण गरेर नहर प्रणालीको माध्यमबाट दुबै देशमा वितरण हुँदै आएको करीब ५० वर्ष पुगिसकेको छ । बारा, पर्सा र रौतहटको ८२ किलोमिटर क्षेत्र हुँदै यो नहर भारतसम्म फैलिएको छ ।

नेपालको समेत ३ जिल्लाका ३७ हजार ४ सय हेक्टर भूभागमा सिँचाइ गर्ने लक्ष्य भए पनि भारतले सम्झौता अनुसार पानी नदिँदा हाल बारा र पर्साको २८ हजार हेक्टर खेतीयोग्य जमीनमा मात्रै सिँचाइको व्यवस्था पुगेको नारायणी सिँचाइ कार्यालय वीरगञ्जका इन्जिनियर सुरेश प्रसाद साहले जानकारी दिए । सम्झौता अनुसार पानी प्राप्त नभएपछि रौतहटको हकमा भने बारा जिल्ला भएर बग्ने जमुनी नदीमा ब्यारेज निर्माण गरेर सिँचाइको व्यवस्था मिलाउने काम भइरहेको इन्जिनियर साहले बताए । करीब ५० वर्ष पुरानो नहर प्रणाली धेरै ठाउँमा मर्मत सम्भार गर्नुपर्ने देखिएको छ ।




करीब ५० वर्षको अवधिमा भारतले १ वर्ष अधिकतम ६ सय क्युसेक पानी नेपालको नहरमा छोडेको थियो । अन्य वर्षहरूमा भने ५ सय देखि ५५० क्युसेक मात्रै पानी दिएको साहले बताए। असार १५ पछि मात्रै किसानलाई भारतीय पक्षले नहरमा पानी छोड्दा किसानहरू थप मर्कामा परेको साहको कथन छ । लगातार खडेरी हुने तर नहरको पानी नछाडिँदा किसानहरूले समयमै धानको बीउसमेत राख्न नपाउने अवस्था रहेको उनले जानकारी दिए । नेपाल-भारतबीच ४ डिसेम्बर १९५९ मा भएको गण्डक सम्झौता अनुसार भारतले नेपालको पानी लगेको छ । तर सम्झौताअनुसार पानी नेपालले पाउन नसकेको छ । 'भारतबाट सम्झौता अनुसारको पानी समयमै नआएका कारण हामीले माथिल्लो निकाय सिँचाइ विभाग, जलश्रोत मन्त्रालयलाई जानकारी गराएर पहल गरिरहेका छौं,' इन्जिनियर साहले भने 'विगतका वर्षहरू भन्दा पहिले नै पानी छोड्दिनुपर्‍यो, हाम्रा किसानहरूलाई धेरै ठुलो मर्का परिरहेको छ भनेर हामीले पहल गरिरहेका छौं ।'

असार १५ अगावै नेपालको नहरमा पानी छोड्न भारतीय पक्षसँग वार्ता भइरहेको उनको भनाइ छ । नेपालको नारायणी र त्रिवेणी नदीको पानी भारतले गण्डकमा ब्यारेज निर्माण गरेर बाँडफाँट गर्दै आएको छ ।

भारतको आलटालले समस्या बढ्दै गएपछि पानीको अभाव पूर्ति गर्न रौतहटमा सिँचाइका लागि बाराको जमुनी खोलामा ब्यारेज निर्माणको काम भइरहेको बताइएको छ ।

'जमुनी नदीको हाल गेट जडानको काम बाँकी रहेको छ,जमुनी खोलामा गेट बनाउने काम सकिए लगत्तै रौतहटमा सिँचाइ सुविधा उपलब्ध गराउँछौं,' इन्जिनियर साहले भने । यो आयोजना अन्तर्गत ३ जिल्लामा गरेर सिञ्चित हुने क्षेत्रलाई १५ वटा ब्लकहरूमा विभाजन गरिएको छ । बारा र पर्सामा ६/६ वटा र रौतहटमा ३ वटा ब्लकहरू रहेका छन् ।

'नहरहरूको आयु सकिएकोले नयाँ बनाउनेतर्फ कार्यक्रममा समावेश गरेर हामीले अध्ययन थालिसकेका छौ' साहले भने । सरकारले नहरको मर्मतका लागि बर्सेनि ४ देखि ५ करोड र वृहत् कार्यक्रम अन्तर्गत करीब १० करोडसम्मको बजेट दिँदै आएको छ । जमुनी नदीको ब्यारेज निमार्णको लागि भने थप बजेट प्राप्त हुने सिँचाइ कार्यालयले जनाएको छ ।

नेपालको पानीमा भारतसँग निर्भर हुनुपर्ने बाध्यताले नारायणी र त्रिवेणी नदीको पानी भारतको विहार राज्यको वाल्मिकीनगरमा ब्यारेज निर्माण गरी दोन शाखा नहर मार्फत पर्सा, बारामा आउने गर्दछ ।

# लाओसमा बन्धक बनाएर जबजस्ती 'क्रिप्टो' कारोबारमा

काठमाण्डु । चिनियाँ नागरि कसँगको मिलेमतोमा नेपालको एउटा समूहले नेपालीलाई लाओस् मा पऱ्याइ बन्धक बनाएर जबरजस्ती अनलाइन स्क्यामिङमार्फत क्रिप्टोकरेन्सी तथा शेयर कारोबारमा संलग्न गराएको पाइएको छ । उनीहरले दुईजना नेपालीलाई गत मङ्सिरमा काठमाडौंबाट कोलकात्ता, थाइल्याण्ड हुँदै लाओस्को बोया प्रोभिन्सस्थित गोल्डेन ट्रियाङ्गलमा रहेको स्पेशल इकोनमिक जोनमा पुऱ्याइ बन्धक बनाएर अनलाइन लभ स्क्यामिङ ट्र्यापमा पारी जबरर्जस्ती क्रिप्टो कारोबारमा संलग्न गराएको पाइएको प्रहरीको मानवबेचबिखन अनुस्न्धान ब्यूरोले जानकारी दिएको छ ।

ब्यूरोका अनुसार पीडत दुई व्यक्ति लाओसमा रहेको नेपाली कन्सुलर कार्यालयको सहयोगमा पाँच महिनापछि अघि गत वैशाखमा छुटेर आएपछि दिएको जाहेरीका आधारमा दुई जना भने पक्राउ गरी अनुसन्धान थालिएको ब्यूरोका प्रहरी उपरीक्षक कृष्णप्रसाद पङ्गेनीले जानकारी दिनुभयो ।

उक्त घटनामा संलग्न रहेको आरोपमा ब्यूरोले कालिकोट घर भई हाल काठमाडौंको नागर्जुन बस्ने वर्ष २५ का पदम नेपाली र नुवाकोट घर भई गोकर्णेश्वर बस्ने ३८ वर्षका श्यामकुमार तामाङलाई पक्राउ गरेको छ ।

उनीहरुविरुद्ध अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान थालिएको ब्यूरोले जानकारी दिएको छ । पदम नेपाली भने लाओस, कम्बोडिया, म्यानारलगायतका देशमा चाइनिज भाषाको ट्रान्सलेटरको रुपमा काम गर्दै आएका र सोही क्रममा चाइनिजसँग मिलेर उक्त अवैध कारोबारमा संलग्न रहेको पाइएको छ ।रासस

# यौनिक तथा लैंगिक अल्पसंख्यक जनचेतनामूलक कार्यक्रम



**टुडे समाचारदाता**

जनकपुरधाम । यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको विषयक जनतेनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । सुनौलो विहानी समाज केन्द्रीय कार्यालय जनकपुर र जनकपुरधाम उप-महानगरपालिकाद्वारा आयोजित कार्यक्रममा वर्तमान समाजमा यौनिक तथा लैंगिक अल्पसंख्यकहरुले सामना गर्दै आइरहेका समस्याका बारेमा छलफल भएको थियो ।

कार्यक्रममा अल्पसंख्यकको अधिकारका लागि सक्रिय अभियानकर्मी भूमिका श्रेष्ठले यौनिक तथा लैंगिक अल्पसंख्यकहरुले आफूहरुले समाजमा भोग्नु परेका विविध वाधा व्यवधानहरु, राज्यले नै सुनिश्चित गरेका हक अधिकार प्राप्तिका क्रममा खेप्नु परेका अफ्ठ्याराहरु लगायतका विषयमा अनुभव साझा गरेकी बताइन् ।

जनकपुरधाम उप-महानगरपालिका उप-प्रमुख किशोरी साहले लैंगिक तथा यौनिक अल्पसंख्यकहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न उद्यमशील तालिमहरु प्रदान गर्दै, उनीहरुलाई आत्मनिर्भर बनाइ समाजमा स्थापित गर्न लागि परेको र आउने बजेटमा अल्पसंख्यकहरुको केही बजेट छुटाउने र वृद्ध भतासमेत छुटाउने प्रति प्रतिवद्धता गरेका छन् । हरेक वर्ष सरकारले घोषणा गर्ने बजेट भाषणमा नियमित नसमेटिने, लैगिंक पहिचान अनुसारको जन्मदर्ता, नागरिकता जस्ता सरकारी प्रमाणपत्र सहजै पाउन कठिन हुने , विवाहले कानुनी मान्यता नपाउने, बलात्कार लगायत यौनजन्य हिंसा तथा दुर्व्यवहारविरुद्धका कानुनमा नसमेटिँदा राज्यको सेवा सुविधा र न्याय पाउन गाह्रो भइरहेको र यो समुदायको जनगणना तथ्यांक प्रस्तुत गरी कार्य निर्देशिका बनाउनमा सहज हुने हुँदा यो आवश्यकसंगै यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका मुद्दाहरुको बारेमा सरोकारवाला निकाय संग (एलजिबिटिआई क्यू)का प्रतिनिधित्व र मतदाता अधिकारसंग सम्बन्धी , वैवाहिक समानता ,समान रोजगारी र सामाजिक सुरक्षा योजना तथा भेद्भाव सम्बन्धी मुद्दाहरु विषयमा छलफल भएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका अध्यक्ष राजनन्दन मंडल, वडा नम्बर ९ का वडा अध्यक्ष प्रमेश्वर साह,कार्यपालिका सदस्य मनिषा कुमारी,वडा नं १० का सचिव जमुना भूजेल, अभियानी सुभद्रा आले,धीरज साह, इन्सेकका राजु पासवान,ओरेक धनुषाका सिर्जना एरियलको सहभागिता रहेको थियो ।

# बाढी, पहिरोबाट भएको क्षतिको जानकारी

काठमाण्डु । संसद्को दीगो विकास तथा सुशासन समितिको बैठकमा मुलुकका विभिन्न भूभागमा हालै आएको बाढीपहिरोबाट १३ जनाको मृत्यु हुनुका साथै २६ बेपत्ता रहेका र आठ जना घाइते भएको जानकारी दिइएको छ ।

समितिका सभापति प्रकाश पन्थको सभापतित्वमा आज सिंहदरबारमा बसेको बैठकमा गृह मन्त्रालयका निमित्त सचिव महादेव पन्थले हालैको बाढीपहिरोबाट भएको मानवीय क्षतिसम्बन्धी सो जानकारी गराउनभुएको हो । क्षतिको अन्य तथ्याङ्क आउन बाँकी रहेको उहाँले बताउनुभयो । उहाँले बाढी, पहिरो, प्राकृतिक विपत्, राहत वितरण, जोखिम न्यूनीकरण तथा व्यवस्थापनलगायत समसामयिक विषयमा जानकारी दिँदै उद्धारसहित राहत वितरण तथा जोखिम व्यवस्थापनतर्फ प्राथमिकतासाथ काम भइरहेको पनि स्पष्ट गर्नुभयो ।रासस


## श्री गिरिजा माध्यमिक विद्यालय

**फूलगामा बहिरी नगराईन नगरपालिका – ३, धनुषा**

**सूचना ! सूचना !! सूचना !!!**

**प्रकाशित मिति २०८०/०३/०८**

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०२/३२ गतेको निर्णय र साथै शिक्षा विकास तथा समन्वय इकाई धनुषाको मिति २०८०/०२/१९, प.स. २०७९/०८० च.नं. १६८६ को प्राप्त अनुमतिपत्र बमोजिम विद्यालयमा रिक्त रहेको तपसिलमा उल्लेखित पदको आवश्यकता रहेको हुँदा इच्छुक एवं योग्य उम्मेदवार हरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. **विज्ञापन नं.** : ०१/२०७९/२०८०
२. **विषय** : नेपाली
३. **विज्ञापन मिति** : २०८०/०३/०७
४. **पद** : साविक उच्च माध्यमिक शिक्षक
५. **पद संख्या** : एक (१)
६. **नियुक्तिको किसिम** : करार/अनुदान
७. **शैक्षिक योग्यता**: सम्बन्धीत विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण गरेको
८. **अध्यापन अनुमति-पत्र** : पत्र लिएको (मा.वि.वा साविक उच्च मा.वि. तहको)
९. **नागरिकता** : नेपाली
१०. **उमेर** : २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको
११. **तलब** : नेपाल सरकारको प्रचलित नियमानुसार
१२. **आवेदन दस्तूर** : रु. २५००। (दुई हजार पाँच सय मात्र)
१३. **परीक्षको किसिम** : लिखित, मौखिक र कक्षा अवलोकन
१४. **आवेदन दिने अन्तिम मिति** : २०८०/०४/०३ गते (दिउँसो ४ बजे सम्म)
१५. **दोब्बर दस्तुर** : मिति २०८०/०४/१० गते सम्म
१६. **सम्पर्क मिति** : २०८०/०४/१२ गते शुक्रबार
१७. **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ ।
१८. **आवेदन फारम** : विद्यालयबाट उपलब्ध हुनेछ ।
१९. उम्मेदवारहरु आफूले प्राप्त गरेको प्रमाणपत्रहरु, नेपाली नागरिकता प्रमाणपत्र समेतका प्रतिलिपीहरु स्वयंले प्रमाणित गरी एवं परीक्षा दस्तुर वापतको रकम यस विद्यालयको माछापुच्छे बैंक नगराईन शाखामा स्थित च.हि.नं. ०८६० ९९२१८२४०००१२ मा जम्मा गरेको सक्कलै भाउचर आवेदन फारम साथ अनिवार्य रुपले पेश गर्नु पर्ने छ ।
२०. थप केही बुझ्नु परेमा विद्यालयमा वा ९८०४८०१९०५, ९८१५८२९१२१,९८४४६९७३५३ मा सम्पर्क गर्नुहोला ।

**नि.प्रधानाध्यापक**



## मुखियापट्टी मुसहरनियाँ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**तुलसियाही जब्दी, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## करारमा शिक्षक पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/३/०७ गते)**

गाउँपालिकाको रिक्त शिक्षक दरबन्दी, सशर्त शैक्षिक अनुदान तथा गाउँपालिकाबाट विद्यालयलाई दिइने अनुदान अन्तर्गत तपशिलका तह र विषयमा शिक्षक सेवा आयोगले सञ्चालन गरेको प्रतियोगितात्मक परीक्षामा करार/बैकल्पिक सूचीमा परेका उम्मेदवारहरूलाई सूचना दिई प्राप्त दरखास्तहरूलाई योग्यताक्रम वा अन्तरवार्ता वा दुवै (लिखित र मौखिक) माध्यमबाट पदपुर्ति गर्ने निर्णय गाउँ कार्यपालिकाको बैठकमा निर्णय भएकोले शिक्षक सेवा आयोगको नतिजामा बैकल्पिक/करार सूचीमा परेका उम्मेदवारहरुलाई दरखास्त दिनकाका लागि यो विज्ञापन प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.स. | तह/कक्षा | विषय | माग पद संख्या |
|---|---|---|---|
| १ | ९-१० | अंग्रेजी | १ |
| २ | | नेपाली | १ |
| ३ | | गणित | १ |
| ४ | | विज्ञान | १ |
| ५ | | सामाजिक | १ |
| | | जम्मा | ५ (बारह) |
| १ | ६-८ | नेपाली | १ |
| २ | | अंग्रेजी | २ |
| ३ | | सामाजिक | १ |
| ४ | | गणित | ३ |
| ५ | | विज्ञान | २ |
| ६ | | स्वास्थ्य | १ |
| | | जम्मा | १० (दश) |
| १ | १-५ | | ५ (पाँच) |

**योग्यता र आवश्यक कागताहरू:-**


१. **छनौट प्रक्रिया**: आ.व. २०७८/०७९ देखि हालसम्म शिक्षक सेवा आयोगले विभिन्न मितिमा सातै प्रदेश र सतहतर जिल्लाका लागि प्रकाशित गरेका परीक्षामा बैकल्पिक/करार सूचीमा परेका उम्मेदवारहरूलाई योग्यताक्रम तथा अन्तरवार्ता आधारमा छनौट गरिनेछ ।
२. **दरखात दिने स्थान** : मुखियापट्टी मुसहरनिया गाउँकार्यपालिकाको कार्यालय, तुलसियाही जब्दी, धनुषा । (कार्यालय समय भित्र) तथा कार्यालयको इमेल ठेगानाः mmrmmun@gmail.com मा समेत आवेदन पठाउन सकिनेछ ।
३. **दरखात दिने अन्तिम मिति** : २०८०/३/१३ (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयमा दरखास्त बुझाउन सकिनेछ।)
४. **आवेदन दस्तुतर** : माध्यमिक तहका लागि रू. २०००।-, निम्न माध्यमिक तहका लागि रु. १५००।- र प्राथमिक तहका लागि रु. १०००/- (आवेदन दस्तुर प्रभु बैंक लि.को आन्तरिक राजस्व खाता नं. १४८०१३४५३१७००१४३ ग -१-१ मा बुझाउन सकिनेछ ।
५. **आवेदन तथा संलग्न गर्नुपर्ने कागजातहरू**: आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरू:

| | |
|---|---|
| नागरिकता प्रमाणपत्रको प्रतिलिपी | शिक्षक सेवा आयोगले जारी गरेको प्रवेश पत्र |
| बैकल्पिक/करार सूचीमा परेका प्रमाणको प्रतिलिपी | न्युनतम योग्यताको लब्धांकको प्रमाण पत्र |
| | बैंक दाखिला गरेको सक्कल भौचर वा सोको प्रतिलिपी |
| दुई प्रति पासपोर्ट साइजको फोटो | चारित्रिक प्रमाण पत्र |

६. **सेवा सुविधा**: प्रचलित स्केल बमोजिम।
७. **कार्यक्षेत्र**: यस मुखियापट्टी मुसहरनिया गाउँपालिका क्षेत्र।

**नोट**:- आवेदनको ढाँचा यस कार्यालयको वेवसाइट www.mukhiyapattimusaharmiyamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ । यस अघि प्रकाशित विज्ञापनका कार्यक्रम पछि प्रकाशित हुनेछ । सम्बन्धी थप कुरो बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गर्नु सकिनेछ । सम्पर्कः ९८४३१६६४७७ र ९८०७८६६१३७

**प्रमुख प्रशासकीय अधिकृत**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पूर्वाग्रही बजेट

संघीय सरकारका अर्थमन्त्री डा.प्रकाशशरण महतले ल्याएको बजेट विवादमा परेको छ । विपक्षी दलहरुले बजेटलाई पूर्वाग्रही भनिरहेकै बेला सत्तारुढ दलका सांसदहरुलेपनि बजेट संशोधन नभए पास हुन नदिने बताउन थालेका छन् । वितरणमुखी र मन्त्रीमुखी बजेट भएको आरोप लगाइएको छ । संघीय सरकारको बजेटप्रति अधिकांश सांसदहरुको असन्तुष्टि छ । बजेटलाई अर्थमन्त्रीले आफ्ना क्षेत्र बाहेक प्रधानमन्त्री, कांग्रेस सभापतिसहित केही मन्त्रीको क्षेत्रमा खर्चसमेत हुन नसक्ने किसिमले हालिएको छ । तर अधिकांश सांसदहरुको क्षेत्रलाई उपेक्षा गरिएको छ । संघीय बजेट देशका सबै क्षेत्रमा समानुपातिक ढंगले वितरण हुनुपर्ने थियो । तर बजेट वितरण केही नेताको क्षेत्रमा मात्र सीमित गरिएपछि सांसदहरुको आक्रोश बढेको छ । सांसदहरुले बजेटको विरोध गरिरहेको स्थितिलाई हेर्दा संशोधन भए पास हुन सहज छैन् । सत्तारुढ दल नेकपा एकीकृत समाजवादी (एस)मा बजेटलाई लिएर अध्यक्ष माधवकुमार नेपालको विरोधमा अधिकांश सांसद छन् । उनीहरुले बजेट संशोधन गर्नुपर्ने अडानमा छन् । एमालेले पनि बजेट पारित हुन नदिने अडानबाट टसमस भएको छैन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)पनि बजेटको विरोध गरिरहेका छन् । नेपाली कांग्रेसकै सांसदहरुले पनि बजेट संशोधन गर्नुपर्ने आवाज उठाइरहेका छन् । मधेश प्रदेशलाई सबै भन्दा कम बजेट विनियोजन गरिएकाले सबै दलका सांसदहरुले विरोध जनाएका छन् । संघीय सरकार देशकै सरकार भएकाले विभेद गर्नु हुँदैन् । सबै संसदीय क्षेत्र र सबै प्रदेशमा न्यायोचित ढंगले बजेट विनियोजन गर्नुपर्ने थियो । तर अर्थमन्त्री डा.महतले सबै बजेट आफ्नै जिल्ला नुवाकोटमा हालेको आरोप छ । सरकारसित पर्याप्त बहुमत रहेकाले बजेट पारित हुन समस्या नआउला । सत्तासीन असन्तुष्ट सांसदहरुले पनि बजेट पास गर्ने पक्षमा मत जाहेर गर्नेछन् । बजेट पारित हुन समस्या भए सरकारलाई काम गर्न जटिल हुनेछ । विगतमा पनि बजेटप्रति असन्तुष्टि नदेखिएको होइन् । तर यस पटक त पूर्वाग्रही नै भयो । बजेट विनियोजनमा अर्थमन्त्री महत जस्तो पुराना र विद्वान नेताले सन्तुलन मिलाउन सक्नुपर्थ्यो । उनी देशका अत्यन्त काबिल अर्थशास्त्रीहरुको सानो सूचीमा पर्छन् । डा.महतको विद्वतामा प्रश्न नउठे पनि उनको वितरण प्रणालीप्रति चरम असन्तुष्टि देखिएको छ । अर्थमन्त्री महतका कारण सरकारमा रहेका दलका सांसदहरुमा तीव्र असन्तुष्टिले बहुमतको संख्या पनि खलबलिन सक्ने उच्च जोखिम छ । संघीय बजेटको विरोध भइरहेको जस्तो कुनै प्रदेशमा बजेटको विरोध विपक्षीहरुले समेत गरिरहेका छैन् । हरेक प्रदेशको बजेट सार्वजनिक भइसकेको छ । तर बजेटको विरोधमा आवाज विपक्षीहरुले मात्र उठाएका छन् । सत्तापक्षका नेताहरुले बजेटको विरोध गर्नु अर्थमन्त्रीको ठूलो कमजोरी हो । मन्त्री महतले आफ्ना बाहेक सबैलाई उपेक्षा गरेका छन् । मन्त्री महतले बजेटमा संशोधन गर्न सक्छन् । तर संसदीय परम्परामा त्यसलाई सकारात्मक मानिदैन् ।तर बजेट पूर्वाग्रही रहेकाले त्यसको संशोधन हुनु आवश्यक छ ।

# समाजवादी मोर्चा



कुलचन्द्र वाग्ले

यतिबेला नेपाली राजनीतिमा तीनवटा विषय निकै चर्चामा रहेका छन् । पहिलो, अस्ति घोषणा भएको चार दलीय समाजवादी मोर्चा । दोस्रो, बजेट संशोधनीय कि असंशोधनीय भन्ने बहस र तेस्रो, समानुपातिक निर्वाचनको विषय । अलिकति बजेट र समानुपातिक चुनावको कुरा छोएर मूल विषय समाजवादी मोर्चा घोषणाको तात्पर्यमा लेख केन्द्रित गरौं । के बजेट संशोधन गर्नै नहुने दस्तावेज हो ? यो संशोधन गर्नेबित्तिकै सरकार ढल्छ वा ढल्नुपर्छ ? यस्तो प्रश्न वा धारणा रुढ मान्यता र परम्परामा आधारित छ । जसलाई परिमार्जन गर्नुपर्छ ।

बजेटलाई संशोधनीय बनाइनुपर्छ । तबमात्र संसद् तथा सांसद्, जनस्तरका विभिन्न निकाय र आर्थिक फाँटमा क्रियाशील संस्थाहरूले व्यक्त गरेका उचित धारण वा मागलाई समेट्न सहज हुन्छ । त्रुटि सच्याउन मिल्छ । संसद्बाट बजेटलाई सर्वपक्षीय बनाउने र आवश्यक सुधार गर्ने बाटो यही संशोधनीय गतिशिलता नै हो भन्ने लाग्छ । तर, जतिखेर पनि वा हरेक विषयमा संशोधनमात्रै गर्दै जाने दस्तावेज भने बजेटलाई बनाइनु हुँदैन ।

अर्को, नेपालको निर्वाचन प्रणाली मिश्रित छ - प्रत्यक्ष र समानुपातिक । प्रत्यक्ष दलका घोषित उम्मेदवारहरू बालिग मताधिकारबाट निर्वाचित हुने प्रक्रिया । अर्को, दलले पाएको मतको आधारमा संसद्को सिट संख्या बाँडफाँट हुने तरिका । संघीय र प्रादेशिक दुवै तहमा समावेश समानुपातिक चयन गर्ने प्रणाली दलका नेताहरूको मनलागी गर्ने माध्यम भएको छ । यही समानुपातिक चुनाव सरकार अस्थिर रहने कारण बनेको देखिन्छ । अर्थात्, कुनै पनि दलले बहुमत पाउन कठिन हुनाले सधैं मिलिजुली र भागबण्डाको लालची प्रवृत्ति व्याप्त भएको छ । प्रतिपक्षमा बस्नै नसक्ने प्रवृत्ति यही कारण बढेको हो । कुनै पनि दल स्पष्ट बहुमतको स्थानमा पुग्न नसक्दा तोडफोड, जोडघटाउ आदि तिकडम गरेर सरकारमा पुग्ने खेलोखड्को निरन्तर हुने नै भयो । साना दलहरुको भाउ अचाक्लिएको छ ।

यस्तो प्रणालीले बढेको विकृति, अस्थिरता र अव्यवस्थाको दोष व्यवस्थामाथि खन्याउन थालिएको छ । बहुदलीय लोकतान्त्रिक संसदीय व्यवस्थालाई बदनाम गर्न उद्यतहरूले यही कारणलाई मसला बनाएका छन् । प्रचार गरेका छन् । यस कारण समानुपातिक चुनावी प्रक्रियालाई परिमार्जन गर्न आवश्यक भएको अनुभव राजनीतिक वृत्तले गरेको छ ।

केही दिनअघि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भक्तपुरमा आयोजित पार्टी कार्यक्रममा समानुपातिक चुनावी प्रक्रियालाई परिमार्जन गर्न आवश्यक बोध भएको बताएका थिए । दलहरूले निर्वाचन आयोगमा बुझाएको सूचीमा आधारित हुने यो चुनावी प्रक्रिया बढी बिकाउ, आफन्तवाद र तेरोमेरो दृष्टिले पक्षपातमा आधारित छ । जनताले छान्न पाउने होइनन् । नेताहरूको तजबिजमा निर्भर समानुपातिक प्रक्रियालाई विकृतिको मुहान बनाइएको छ । समावेशी बनाउने अर्थमा जारी समानुपातिक प्रक्रियाको अनुभव सार्थक भएन । समावेशी बनाउने हो । अर्को उपाय तय गर्नुपर्‍यो ।

कुनै पनि दलको बहुमत आउन रोक्ने र अनियन्त्रित विकृतिको स्रोत समानुपातिक चुनावी प्रक्रियाले व्यवस्थालाई समेत बदनाम, विकृत र कमजोर पारेको छ । यस कारण समानुपातिक प्रतिनिधित्वका लागि निश्चित आरक्षित क्षेत्रमा, तोकिएको समुदायका प्रतिनिधि प्रत्यक्ष चुनिने वा अरू कुनै पारदर्शी र सहज तरिका अवलम्बन गर्नु आवश्यक देखिएको छ । निर्वाचन विज्ञहरूले यस विषयमा खास सुझाव दिनसक्छन् । खर्चिलो चुनावी अभ्यास बदल्न मद्दत गर्नसक्छन् ।

रह्यो समाजवादी मोर्चाको गफ । यतिबेला यो मोर्चाको विषय चिया, चौतारीमा गफको खुराक भएको छ । विश्लेषकदेखि गफाडीसम्मको सबैका आआफ्ना धारणा छन् । ती कसैसँग मिल्छन् वा आंशिक मिल्छन् वा कसैको धारणासँग पनि मेल खादैनन् । सबैका आआफ्नै तर्क । किन बनाइयो समाजवादी मोर्चा ? यसको तत्कालीन र दूरगामी उद्देश्य के ? विचार मिल्ने र नमिल्नेहरूको गठजोड मोर्चाको भविष्य निर्धारण हुने कसोरी ? संसद्मा तेस्रो दलको हैसियत हुँदा पनि सरकारको नेतृत्व गर्न पाएको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्षको नेतृत्वमा कसको औचित्य वा अस्तित्व रक्षा गर्न मोर्चा बनाइयो ? मोर्चामा सामेल चारै दलका नेता कम्युनिस्ट प्रशिक्षणबाट आएका भने हुन् । संसदीय सरकारी अभ्यासमा रहेका तीन संसदीय र एक सडकको दल सम्मिलित जुन मोर्चा बन्यो यसको मानस पिता डा. बाबुराम भट्टराईफाई मोर्चा बाहिरै राखिनुको कारण र परिणाम के ? यस्ता प्रश्नले कतै मोर्चालाई कुठाममा बजाइएको बेमौसमको बाजा बनाइरहेको त छैन ?

बेमौसम त होइन होला । तर, अस्तित्व रक्षाको मौसमको संकेत चाहिँ हो । चार दलीय मोर्चालाई समाजवादी मोर्चा भनिएको छ । यो मोर्चाले देखेको सपना कम्युनिस्ट समाजवाद हो कि ? वर्तमान संविधानले देखेको लोकतन्त्रअनुरूपको समाजवाद हो ? के हो ? यहीँनेर वैचारिक अस्तित्व पहिचानको सबाल उपस्थित छ । त्यसो त, यिनको १५ बुँदे घोषणामा लोकतन्त्र,संविधान र गणतन्त्र आदिको रक्षा गर्ने मोर्चा भनिएकै छ ।

सतहमा हेर्दा मोर्चा खास तीन प्रकारले प्रेरित देखिन्छ । पहिलो, भौतिक वा सांगठनिक रक्षा हो । यसमा सामेल सबैको औचित्य घिटघिटीमा पुगेको सत्य हो । कारण खुलाइ राख्नु परेन । माओवादी केन्द्र, नेसपा, नेकपा (एस) र संसद् बाहिरको नेकपा चन्द समूह । सबैको हविगत ओरालो हुँदै गन्तव्य सकिनेतिर लाग्दै गरेको देखिन्छ ।

मोर्चा आबद्ध दलहरूमा लगातार जान थालेको पहिरो थाम्ने उद्देश्यले प्रेरित गठजोड हो समाजवादी मोर्चा । पहिरो त नेपालका सबै राजनीतिक दलमा सुरु भएकै छ । पहिरोले सायद् रूपान्तरणको प्रक्रिया पनि थालनी हुन्छ वा भएको छ । वैचारिक पहिरो, सांगठनिक र चारित्रिक पहिरो जारी छ दलहरूमा ।

मोर्चाको तत्कालीन उद्देश्य सरकारी सत्ता बचाउने माध्यम हो । यसका तीन दल त सरकारमै सामेल छन् । रह्यो चन्द समूह ऊ पनि लाभान्वित हुने नै छ । हारथाक पछि नेत्रविक्रम चन्द समाजवादी मोर्चामा सुतुमुर्गे 'फेस सेभिङ' गर्दै अन्ततः सरकारी सत्ता राजनीतिमा आउने उपाय हो । मोर्चामा ५४ सांसद् भएछन् । यिनलाई सत्ता बार्गेनिङमा तुरुप देखाउन नेतालाई सजिलो हुने भयो । मोर्चाको पहिलो सफलता संशोधनवादी, संसदीय भासमा जोगिएको भन्ने चन्दलाई माओवादी अध्यक्ष पुष्पकमल दाहालले त्यही धारमा ल्याउनसक्नु हो । सम्भावना माओवादीबाट फुटेकाहरू पनि यतैकतै फर्कने ढोका उघ्रेको देखाइ दिने हो । मोर्चा दाहालको सफलता र चन्दको पराजयको कारण हो ।

रह्यो हिंसारत माओवादीलाई बहुदलीय प्रतिस्पर्धामा ल्याउने योजनाका रचनाकार डा.बाबुराम भट्टराई समाजवादी मोर्चाको रचनाकार पनि हुन् । यही सन्देश उनले नेपाल समाजवादी पार्टी गठन गरेर पनि दिएका हुन् । तर, सबै जिम्मा दाहाललाई सुम्पिएर भट्टराई यतिबेला सरकारी सत्ताबाहिरै छन् । त्यस्तै उनी आफ्नै योजनाको मोर्चा बाहिर पनि परे । किन ? चन्द भित्रिए । भट्टराई बाहिरिए । दोष भने नेसपाका उपेन्द्र यादवमाथि खनिएको छ ।

दाहालसँग लाइमिली र चोचोमोचो गर्ने जसपाका यादवभन्दा पनि डा. भट्टराई बाहिरिनु र चन्द भित्रिनुमा माओवादी केन्द्रका अध्यक्ष दाहालको सोच र हात बढी छ । पहिलो आफूलाई गाली गर्दै हिँड्ने कथित क्रान्तिकारी कार्यकर्ता चन्दलाई तानेर मोहन वैद्यहरुलाई (बाटो) देखाइदिनु थियो । 'विप्लवी' समाप्त गर्दिनु जो थियो ।

दोस्रो, भावी माओवादीको नेतृत्वमा दाहालले चन्दलाई विश्वास गरे । भट्टराईलाई गरेनन् । यही कारण गरुंगा वैचारिक योजनाकार भट्टराई बाहिर राखिए । अहिले यो मोर्चाको कुनै सैद्धान्तिक र वैचारिक धरातल देखिएको छैन । व्यावहारिक मोर्चा भन्ने चाहिँ बुझिन्छ । यो कहाँसम्म जान्छ र कता पुगेर तुहिन्छ ? अहिले नै भन्न सकिँदैन । केही अनुमान र लक्षणको विश्लेषण भने हुनसक्छ ।

माथि नै भनियो यो कस्तो समाजवादी मोर्चा हो ? अधिनायकवादी कि लोकतान्त्रिक ? माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल नेपाली राजनीतिका सबैभन्दा मौकापरस्त र सत्तास्वार्थ केन्द्रित राजनीतिकर्मी हुन् भन्ने पटकपटक पुष्टि भएको तथ्य हो । शान्ति प्रक्रियामा आएदेखि अहिले प्रधानमन्त्री बन्नसम्मको उनको ओल्टीपल्टी खेलहरू के कस्ता रहे ? एकपटक सम्झिए सचित्र भइन्छ ।

सत्ता स्वार्थले टासिने र उछिट्टिने उनको नेतृत्वमा घोषित मोर्चाको पन्ध्र बुँदामा समेटिएको लोकतन्त्रसमेतले हिजो नेकपा (एमाले), नेपाली कांग्रेस र स्वयं सहकर्मी भट्टराईलगायतले दाहालबाट पाएको वा खाएको जस्तै धोका पाए अनौठो मानिनु हुदैन । शक्ति सत्ताको निरन्तरतामा कम्युनिस्ट र माओवादी त्याज्य भए राम्रै पनि हुन्थ्यो । समाजवादी मोर्चा कम्युनिस्ट, माओवादी, माले र झाले (झापाली लेनिनवादी) आदि नाम र काम परिवर्तन गर्ने वा लोकतान्त्रिक समाजवादी बन्ने प्रेरणा बनोस् । दाहाललाई शुभकामना !




# वैदेशिक रोजगारीले जन्माएको 'परित्यक्त' जमात



गोविन्द अधिकारी

"विदेश जाने सपना देखेर बिहा गरे तर पतिलाई फेरि कहिल्यै देख्न पाएनन" शीर्षकको एउटा समाचार विश्लेषण छापिएको छ १३ जुन २०२३ को 'न्यु योर्क टाइम्स'को अनलाइन संस्करणमा । वैदेशिक रोजगारीमा गएका लाखौं भारतीयहरूले बिहा गरेपछि विदेश लैजाने सपना देखाएर बिहा गरेका तर तिनका पत्नीहरू भारतमै छाडिएका र सासुससुराले दाइजोको पैसा हत्याएको विषयमा भारतको पन्जाबबाट समिर यासिरले लेखेको समाचार रहेछ यो ।

नेपालको सन्दर्भमा विशेषगरी तराईमा अवस्था यसभन्दा खासै फरक नहोला । पहाडी क्षेत्रबाट पनि वैदेशिक रोजगारीमा जानेको सत्_या सानो छैन र तीमध्ये धेरैले बिहा गरेर दुलहीलाई नेपालमै छाडेर गएका पनि छन् । तर, पहाडको समस्या सायद पन्जाबको भन्दा बेग्लै छ ।

**परित्यक्ताको संसार**

समाचारअनुसार पन्जाबमा यस्ता 'परित्यक्ता'हरूको समस्या निकै गम्भीर छ । पन्जाबमा मात्रै ३० हजार जति मुद्दा परेका छन् विवाहपछि पाएको धोका र ठगीमा न्याय मागेर । सरकारले एउटा आयोग नै गठन गरेको रहेछ पूर्वन्यायाधीशको नेतृत्वमा परित्यक्ताहरूको समस्याको अध्ययन गर्न । परित्यक्ताहरू मानसिक र सांस्कृतिकरूपमा त ठगिए नै दाइजो, हनिमुन र भिसाको खर्चसमेत माइतीबाटै तिरिएको रहेछ । यसैले वैदेशिक रोजगारीमा जानेहरूका 'परित्यक्ता' पत्नीहरूले मुद्दा दिन थालेका रहेछन् ।

धोका र ठगीमा कारबाही गर्ने केही कानुनी आधार भए पनि विदेशमा भएको व्यक्तिलाई सजाय दिलाउन निकै कठिन रहेछ भारतीय न्याय प्रणालीमा पनि । यसैले मुद्दाले पनि अवस्था खासै फरक हुने देखिएन । वैदेशिक रोजगारमा पठाउने, भिसा दिलाउने भन्दै आकर्षक विज्ञापन जताततै देखिने पन्जाबमा विदेशमा काम गर्न जाने 'क्रेज' नै रहेछ नेपालमा जस्तै ।

अनि विदेशमा गर्नेलाई छोरी दिन हुरुक्क हुनेरहेछन् आमाबाबु । छोरीहरू पनि विदेश जाने सपनामा खुरुक्क तयार हुँदारहेछन् पाहुनासँग बिहा गर्न । दाइजो पनि राम्रै पाउने रहेछ विदेशमा काम गर्ने दुलाहाले । बिहा गरेर एकाध महिना सँगै बसेपछि दुलाहा एक्लै विदेश फर्कँदा रहेछन् धेरैजसो ।

दुलहीलाई सँगै लैजान वा छिटै बोलाउन खोज्ने दुलाहालाई पनि औपचारिकता पूरा गर्न निकै कठिन हुनेरहेछ युरोप वा अमेरिकामा । धेरै त बिहा गरेर गएपछि दुलहीलाई विदेश बोलाउन दुलाहाले खासै चासो नदिने रहेछन् । अनि दुलाहाका आमाबाबुले पनि सकेसम्म बुहारी विदेश नजाओस् र घरमै कजाउन पाइयोस् भन्दा रहेछन् । यसैले पति जिउँदै भए पनि जोबन छँदै एक्लै बाँच्न बाध्य हुनेरहेछन् पन्जाबका युवतीहरू ।

त्यहाँ पनि छोरालाई विदेश पठाउन घरजग्गा बन्धकी राखेर रिन काड्ने वा बेच्ने चलन रहेछ । गाउँका किसानहरू आमदानी नहुने, रिनको भारी थपिँदै जानेजस्ता कारणले आत्महत्या गर्नेसम्मको अवस्थामा पुगेका रहेछन् । यिनै समस्याका कारण तन्देरी छोराहरु विदेशमा काम गर्न पठाउन बाबुआमा मन मारेर पनि तयार हुनेरहेछन् । र त्यसको सबैभन्दा ठूलो मार भने युवतीहरूले सहनुपरेको रहेछ । छोटो मिलनमै केहीमा गर्भ बसिसक्दो रहेछ । तिनको पीडा अर्कै । सासुससुराले भिसाको खर्च पनि बुहारीको माइतीसँगै माग्दारहेछन् । माइतीले छोरीको भाग्य बन्छ कि भनेर चोके ब्याजमा रिन काडेर पैसा बुझाउँदा रहेछन् तर भिसा दुलाहाले नचाहेर हो कि आप्रवासको नियम नै कडा भएर हो वा अरू कुनै कारणले कहिल्यै नआउने रहेछ ।

फलस्वपरूप दुलहीहरू मानसिक यातना र शारीरिक शोषण खपेर बाँच्न बाध्य हुनेरहेछन् । यस समस्याको अध्ययन गर्न सरकारले गठन गरेको आयोगका अध्यक्षता गर्ने पूर्वन्यायाधीशलाई उद्धृत गर्दै समाचारमा लेखिएको छ - केही महिलाले यौन उत्पीडनको पनि गुनासो गरेका छन् । कतिपय परिवारमा त एक्ली दुलहीमाथि परिवारकै अरू पुरुषले आँखा लगाउँछन् । उनीहरूले बलात्कारलगायतका यौन दुर्व्यवहार सहनुपर्छ । नसहेर के गर्ने ? जाने ठाउँ छैन । घर छाडेर हिँडे भिसा आउने र विदेशमा पतिसँगै गएर बस्न पाइने धिपधिपे आशा पनि त मर्छ ।

ती पूर्वन्यायाधीशका अनुसार - विदेशबाट युवकहरू आउँछन् । दुलहीसँगै दाइजोमा आएको पैसाले मोजमस्ती गर्छन् र भिसा पठाउने आस देखाएर जान्छन् । विदेशमा पुगेपछि उतैको नागरिकता पाइने लोभले विदेशमा अर्को बिहा गर्छन् । कतिले त विदेशमा भएको दुलाहाका लागि पैसा पठाउन नसक्दा सासुससुराबाट यातना पाउँदा रहेछन् ।

**यस्ता 'परित्यक्ता' पन्जाबमा जताततै भेटिन्छन् रे !**

**नेपालका 'परित्यक्त' हरू**

नेपालमा यही आकार र आयाममा नभए पनि यो समस्या पक्कै छ । यद्यपि, पहाडमा 'परित्यक्त'हरूको अर्को समूह छ पनि ठूलै देखिएको छ । वैदेशिक रोजगारीमा जाने छोराका आमाबाबुहरूको पीडा पनि उत्तिकै दयनीय छ । कसैले यस समूहको मनोसामाजिक अवस्थाको अध्ययन गरेको छ कि ?

वैदेशिक रोजगारीका लागि विदेश जान विशेषगरी 'अमेरिकी सपना' साकार पार्न अवैधरूपमा भए पनि जान चाहनेहरूले घरजग्गा बन्धकी राखेर वा बेचेर पैसाको जोहो गर्छन् । ज्यानको जोखिममा पारेर जान्छन् । कति बीचैमा हराएका छन् । तिनका आमाबाबुले छोरा र सम्पत्ति दुवै गुमाउँछन् । पत्नी र अझ सन्तान पनि रहेछन् भने थप पीडा सबैले सहनुपर्छ ।

विदेशमा बस्ने केटालाई छोरी दिन वा 'ग्रिनकार्ड'वाली बुहारी भित्र्याउन मरिहत्ते गर्ने बाबुआमाको मन भरङ्ग हुन पनि धेरै दिन भने लाग्दैन । विदेश फर्केको जुवाइँले सम्पर्क गर्नै छाडेको वा उतै अर्को बिहा गरेको पन्जाबी उदाहरण यता पनि अचेल अलि धेरै नै सुनिन थालेको छ । 'परित्यक्ता' हरूको समस्या बिस्तारै देखिन थालेको छ र निकट भविष्यमा पक्कै बढ्नेछ ।

छोरालाई विदेश पठाएका आमाबाबु धेरैले भोग्ने गरेको समस्या भने आफैं परित्यक्त हुनु हो । छोराले काम पाएर पैसा पठाउन थालेपछि बुहारी बाउँठिन थाल्छे । बुहारीका छोराछोरी पनि रहेछन् भने त तिनलाई पढाउन भनेर गाउँको घर र सासुससुरा छाडेर नजिकको बजारमा छुट्टै बस्न थाल्छे । छोराले पैसा बुहारीका नाममा पठाउँछ । पैसा बुहारीले नै खर्च गर्छे ।

उता छोरा पठाउँदा बाबुले रिन लिएको हुन्छ । साहु, सहकारी र बैंक रिन दिने जो भए पनि ताकेता लगाउन थाल्छ । बुहारीले घर छाडेपछि बूढा बाआमाले खसीबोका, गाईभैंसी पाल्न छाडे । बुहारी हुँदासम्म मेलापर्म गरेर खेताला जुट्थे । पर्म लगाउन नसकेपछि खेती गर्न पनि सकेनन् । अब भोकै मर्नुपर्ने अवस्था देखिन थाल्यो । अर्कातिर रिन नतिरेपछि धितो राखेको जमिन पनि लिलाम हुने भयो । यी परित्यक्तहरू पनि वैदेशिक रोजगारीको भारीले थिचिएर सकीनसकी बाँच्न विवश छन् ।

पति वा पत्नीले विदेशमा काम गरेर पठाएको पैसाले 'मस्ती' गर्नेहरूको कथा पनि अचेल बग्रेल्ती सुनिन थालेको छ । समाजमा केही विकृति पनि पक्कै थपिको छ । वैदेशिक रोजगारी भएन भने जीवन शैलीमा देखिएको परिवर्तन धान्न सहज नहुनसक्छ । नेपाली समाजले अहिले अपनाउँदै गएको उपभोक्ता संस्कृतिले ऋणमा डुबाएर अधमरो जीवन बाँच्न विवश बनाउने जोखिम पनि छ ।

देशको अर्थतन्त्र धान्ने र चलाइराख्ने वैदेशिक रोजगारीबाट फाइदा पक्कै पनि धेरै नै होलान् । यसो भन्दैमा यसका अध्याँरा पक्षको बेवास्ता गर्नुपर्छ भन्ने त छैन होला नि ! यसैले कम्तीमा बेलैमा वैदेशिक रोजगारीको सामाजिक प्रभावका सम्बन्धमा व्यापक अध्ययन गर्नु बेस होला । थाहा भएका दुर्गुण त चाहेदेखि हटाउन सकिन्छ नि !



# माओवादीले बोलायो केन्द्रीय समिति बैठक, के छन् एजेण्डा ?

काठमाण्डु । सत्तारुढ दल नेकपा (माओवादी केन्द्र)ले केन्द्रीय समितिको बैठक आह्वान गरेको छ। यही असार २३ गतेदेखि राजधानीको प्रज्ञा-प्रतिष्ठानमा बस्ने गरी बैठक बोलाइएको छ।

बैठकमा केन्द्रीय सदस्य, वैकल्पिक केन्द्रीय सदस्य, आयोगका सदस्य र प्रदेशका पदाधिकारी गरी करिब सात सय सहभागी हुने केन्द्रीय कार्यालय सचिव डोरप्रसाद उपाध्यायले जानकारी दिनुभयो। केन्द्रीय सदस्य तीन सय ८६ र वैकल्पिक केन्द्रीय सदस्य दुई सय दुई गरी माओवादीको केन्द्रीय समिति पाँच सय ८८ सदस्यीय रहेको छ । माओवादीमा तीन आयोग, सात भौगोलिक र तीन गैरभौगोलिक प्रदेश रहेका छन् । माओवादीले भुक्तानी गर्नुपर्ने बक्यौता तथा लेबी समयमै पूरा गर्न मातहतका सङ्गठनलाई निर्देशन दिएको छ। लामो समयदेखि माओवादीको केन्द्रीय समिति बैठक बस्न सकेको छैन । माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्रीमा नियुक्त भएपछि ' भर्चुअल' रुपमा केन्द्रीय समिति बैठक बसेको थियो।

यसअघि गत वर्ष असारमा केन्द्रीय समिति बैठक बसेको थियो। गत मङ्सिरमा सङ्घ र प्रदेशको निर्वाचन, नयाँ सरकार गठन, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका कारण बैठक बस्न नसकेको माओवादीले जनाएको छ।

"औपचारिक बैठक नबसेको लामो समय भएको थियो", केन्द्रीय कार्यालयका सचिव उपाध्यायले भन्नुभयो, "तीन दिनसम्म चल्ने बैठकमा समग्र विषयमा समीक्षा हुनेछ।"

बैठकमा विचार मिल्ने राजनीतिक दलसँगको एकताका साथै नवगठित समाजवादी मोर्चाका सन्दर्भमा पनि छलफल हुने उहाँले जानकारी दिनुभयो। "पार्टीलाई प्रभावकारीरुपमा जनतासमक्ष जोड्नका लागि नयाँ अभियान र कार्ययोजना सञ्चालन गर्नेबारेमा पनि छलफल हुनेछ", कार्यालय सचिव उपाध्यायले भन्नुभयो।रासस

# खोजी र उद्धार गर्न प्रभावकारी संयन्त्र तयार छ : गृहमन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले बाढीपहिरोलगायत विपद्का घटनापछिको खोजी, उद्धार र राहतकार्य तत्काल प्रभावकारी हुने गरी संयन्त्र तयार गरिएको बताउनुभएको छ। राष्ट्रियसभाको दीगो विकास तथा सुशासन समितिको बिहीबारको बैठकमा उहाँले आवश्यक पूर्वतयारी गरेका कारण विपद्पछि उद्धार, खोजी र राहत कार्यलाई व्यवस्थितरुपमा सम्बोधन गर्न सकिएको जानकारी दिनुभयो ।

गृहमन्त्री श्रेष्ठले भन्नुभयो, "विपद्का घटनामा तत्काल उद्धारकार्यका लागि तालिम प्राप्त जनशक्ति तयारी अवस्थामा रहनुका साथै कमाण्ड पोष्टसमेत गठन गरिएको छ, त्यससम्बन्धी राष्ट्रिय कार्ययोजना पनि निर्माण गरिएको छ।"

थुप्रै सम्भावनाका बीचमा पनि नेपाल भूकम्प, बाढीपहिरो, जलवायु परिवर्तनको असरबाट हुने क्षतिका हिसाबले उच्च जोखिममा रहेकाले विभिन्न खाले विपद्को सामना गर्नुपर्ने अवस्था रहेको बताउँदै उहाँले राहत, उद्धार र सहयोगलगायत विषयलाई प्रभावकारी विभिन्न तहमा गठन गरिएको समितिबाट प्रभावकारीरुपमा काम हुने जानकारी दिनुभयो। विपद्मा परेका नागरिकलाई तत्काल राहत उपलब्ध गराउन र व्यवस्थापन गर्न ११ स्थानमा मानवीय सहायता आपतकालीन भण्डारण खडा गरिएको जानकारी दिँदै उपप्रधानमन्त्री श्रेष्ठले पाँच वटा मेसिन जडानसहित २७ डुङ्गाको व्यवस्थापन भइरहेको बताउनुभयो।

खोज तथा उद्धार सामग्री, एम्बुलेन्स, अग्नि नियन्त्रण, अग्निप्रतिरोधी कपडासहितको सामग्री खरिद गरी जिल्ला प्रशासन कार्यालय र स्थानीय तहलाई पठाइसकिएको जानकारी दिँदै उहाँले हवाई उद्धारका हेलिकप्टर तथा बाढीपहिरोले भत्काएका स्थानमा तत्काल यातायात सञ्चालन गर्नका लागि बेलिब्रिजको व्यवस्था गरिने बताउनुभयो । विपद्का घटनापछि तत्काल मानवीय उद्धार र स्थानान्तरण, पहुँच स्थापित, पुनःस्थापना र पुनःनिर्माणको काम क्रमश हुने उहाँले स्पष्ट पार्नुभयो । यसैबीच, समितिले विपद् जोखिम न्यूनीकरण प्रतिकार्य तथा व्यवस्थापनका लागि पूर्वतयारी, जोखिममा परेका व्यक्ति/परिवारको पुनःस्थापना र पुनःनिर्माण कार्य प्रभावकारी बनाउन सरकारलाई निर्देशन दिएको छ।रासस

# वनमन्त्री डा महतोद्वारा जङ्गी अड्डाको भ्रमण

काठमाण्डु । वन तथा वातावरणमन्त्री डा वीरेन्द्रप्रसाद महतोलेजङ्गीअड्डाकोभ्रमणगर्नुभएको छ। प्रकृति संरक्षणअन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय र वन तथा पर्यावरण सुरक्षा निर्देशनालयमार्फत नेपाली सेनाले सञ्चालन गरिरहेका विविध गतिविधिको जानकारी लिने उद्देश्यले उहाँले भ्रमण गर्नुभएको हो ।

प्रधान सेनापति प्रभुराम शर्माले बिहीबार उहाँलाई जङ्गी अड्डामा स्वागत गर्दै २०३२ सालदेखि नेपाल सरकारको निर्णयबमोजिम नेपाली सेनाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षित क्षेत्रमा तैनाथ रही वन्यजन्तु तथा प्रकृति संरक्षणका क्षेत्रमा गरिरहेका सार्थक प्रयासबारेमा अवगत गराउनुभएको थियो। उहाँले हाल नेपाली सेनाको लगभग १० प्रतिशत फौज प्रकृति संरक्षणमा तैनाथ रहेको जानकारी गराउनुभयो।

वनमन्त्री डा महतोले प्रकृति संरक्षणका क्षेत्रमा हाल प्राप्त उपलब्धिमा नेपाली सेनाको भूमिकाको प्रशंसा गर्नुभयो। उहाँले नेपाली सेनाको सहभागिता विना प्रकृति तथा पर्यावरण संरक्षणका प्रयासहरु प्रभावकारी नहुने बताउँदै संरक्षणमा परिचालित फौज एवम् कर्मचारीलाई परेको भौतिक पूर्वाधारको कमी लगायतको समस्यासँग आफू परिचित रहेको बताउनुभयो।

साथै उहाँले उक्त समस्या समाधानका लागि आवश्यक पहलकदमी लिने बताउनुभयो । सोही क्रममा उहाँले जलवायु परिवर्तनले पारेको असर, मानव वन्यजन्तु द्वन्द्व र मानव अतिक्रमण प्रकृति संरक्षणमा मुख्य चुनौतीका रुपमा रहेको कुरा औँल्याउँदै प्रकृति संरक्षणमा प्रविधिको प्रयोग बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो।

चुरे क्षेत्र संरक्षणका लागि नेपाली सेनाबाट तैनाथ फौजको स‌ङ्ख्या बढाउँदै लैजान जरुरत रहेको उहाँले उल्लेख गर्नुभयो । वनमन्त्री डा महतोले जलस्रोत र वनजङ्गल नेपालको महत्वपूर्ण स्रोत रहेकाले उक्त स्रोतहरुको उचित सदुपयोगले नेपाल समुन्नत बन्न सक्ने हुँदा यसको संरक्षण अति आवश्यक रहेको बताउनुभयो।

सो अवसरमा रक्षा मन्त्रालयका सचिव किरणराज शर्माले नेपालको प्रकृति संरक्षणमा सरकारको नीति, भइरहेका गतिविधि, उपलब्धि तथा क्षतिका बारेमा अन्तर्राष्ट्रिय चासो रहेको बताउनुभयो । उहाँले नेपालले गरिरहेको संरक्षण पहलकदमीको सबैले निगरानी गरिरहेको उल्लेख गर्दै नेपाली सेनाले प्रकृति संरक्षण र चुरे क्षेत्रको पर्यावरण संरक्षणमा पुऱ्याएको योगदान अतुलनीय रहेको विचार व्यक्त गर्नुभयो।

उहाँले चुरे क्षेत्र तराई मधेस क्षेत्रको जीवनसँग जोडिएको हुँदा चुरे क्षेत्रमा भइरहेको विनाशलाई रोक्न अतिआवश्यक रहेको उल्लेख गर्दै यसका लागि हालको संरक्षण संरचनाले मात्रै पर्याप्त नहुने देखिएकाले विशिष्ट जिम्मेवारीसहित संरक्षण योजनाको पुनरावलोकन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिका अध्यक्ष डा किरण पौडेल, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा महानिर्देशक डा महेश्वर ढकाल, बलाधिकृत रथी, बलाध्यक्ष रथी, अन्य रथीवृन्द, वन मन्त्रालयका पदाधिकारीहरु तथा अधिकृतहरुको उपस्थिति थियो । रासस

# प्रधानमन्त्री प्रचण्ड र नेकपा महासचिव चन्दबीच छलफल

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपाका महासचिव नेत्रविक्रम चन्दबीच समसामयिक राजनीतिक विषयमा छलफल भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार भएको छलफलमा समाजवादी मोर्चा नेपाल घोषणापछिको अवस्था र मुलुकको समसामयिक राजनीतिक विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जानकारी दिएको छ।

प्रधानमन्त्रीका स्वकीय सचिव गङ्गा दाहालका अनुसार समाजवादी मोर्चालाई कसरी प्रभावकारी बनाउने र माओवादी आन्दोलनको उपलब्धिको रक्षा तथा पार्टी एकताबारे दुई शीर्ष नेताबीच गम्भीर छलफल भएको हो । रासस

# नयाँ आवधिक योजनाका लागि सुझाव सङ्कलन थालियो



काठमाण्डु । राष्ट्रिय योजना आयोगले १६औँ आवधिक योजनाको अवधारणपत्र तयार पार्नका लागि सुझाव सङ्कलन थालेको छ । आयोगले बुधबारदेखि विभिन्न क्षेत्रका विषय विज्ञसँगको छलफल गरी सुझाव लिइरहेको छ। आज पनि चलेको छलफलमा योजना आयोगका पूर्वउपाध्यक्ष, पूर्वसदस्य, अर्थविद्हरू, नेपाल सरकारका बहालवाला तथा पूर्वसचिव तथा विभिन्न विषय विज्ञ सहभागी छन् ।

बिहीबारको छलफलमा सहभागी विज्ञहरूले राष्ट्रिय योजना आयोगले बनाउने १६औँ आवधिक योजनाले सङ्घीयताको संरचनाअनुरुप योजना तर्जुमा हुनुपर्नेमा जोड दिनुभएको छ । प्रदेश र पालिकाको जिम्मेवारी तथा उपस्थितिलाई समेत विचार गरेर योजना तर्जुमा गरिनुपर्ने विज्ञहरूको सुझाव छ। प्रदेश र पालिकाका योजनाहरूलाई डोऱ्याउन सक्ने गरी योजना तयार पार्नसके मात्र त्यसलाई सङ्घीयताअनुरुप सबै तहले अवलम्बन गर्न सक्ने विज्ञहरूको तर्क छ।

योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठका अनुसार विषय विज्ञहरूले दिएको सुझावलाई समेत आधार मानी १६औँ योजनाको अवधारणापत्र तयार हुनेछ। उहाँका अनुसार साउन पहिलो साताभित्रै यसलाई अन्तिम रूप दिने गरी काम भइरहेको छ। विसं २०८१ साउनदेखि कार्यान्वयनमा जाने १६औँ आवधिक योजना आगामी माघ महिनाभित्रै अन्तिम रूप दिएर प्रकाशन गर्ने आयोगको तयारी छ।

बिहीबारको छलफलमा प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्याल, श्रम तथा रोजगार मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारी, पूर्वमहान्यायाधिवक्ता रमेश बडाल, आयोगका पूर्वसदस्यहरू डा चन्द्रमणि अधिकारी, डा गणेश गुरुङलगायत सहभागी हुनुहुन्थ्यो ।

त्यसैगरी, अर्थमन्त्रालका पूर्वआर्थिक सल्लाहकार डा सुरेन्द्र उप्रेती, पूर्वसचिवहरू पुरुषोत्तम ओझा, यमकुमारी खतिवडा, केदारबहादुर अधिकारी, पूर्णचन्द्र भट्टराई, गोपीनाथ मैनाली, विषयविज्ञहरू डा विश्वास गौचन, चन्द्र ढकाल, राष्ट्रिय सहकारी महासङ्घका अध्यक्ष मीनराज कँडेललगायतको उपस्थिति थियो।

विज्ञहरूले आयोगको भूमिका थप बलियो बनाउनुपर्नेमा जोड दिनुभएको छ। त्यस्तै, आगामी आवधिक योजना सङ्घीय मात्र नभई राष्ट्रिय योजना हुनुपर्ने, पञ्चवर्षीय योजना कार्यान्वयनको कुन वर्ष कति काम गर्ने भनेर छुट्टिनु पर्ने लगायतका सुझाव आएका छन् । पञ्चवर्षीय योजनाको प्रचार नभएको उल्लेख गर्नुहुँदै विज्ञहरूले तीनवटै तहका सरकार र सरोकारवाला निकायसम्म पुग्नुपर्नेसमेत सुझाव दिनुभएको छ। नीति निर्माण र यसको कार्यान्वयनमा समन्वयसमेत नभएको भन्दै कतिपय विज्ञहरूले यसका लागि आयोगले नेतृत्वदायी भूमिका लिनुपर्ने धारणा राख्नुभएको छ।

यससँगै २०७८ को जनगणनालाई दृष्टिगत गर्दै योजना बनाउनुपर्ने, निजी क्षेत्रको लगानी बढाउने नीतिको पहल आयोगले लिनुपर्ने, कृषि लगायतका उत्पादनलाई बढाउने नीति अवलम्बन गर्नुपर्ने लगायतका सुझाव विज्ञबाट आएका छन् । बुधबारदेखि सुरु भएको छलफल शुक्रबारसम्म चल्ने आयोगका प्रवक्ता सुमन दाहालले जानकारी दिनुभयो । प्रवक्ता दाहालका अनुसार अवधारणापत्र तयार भएपछि त्यसका आधारमा प्रदेश तहमा समेत छलफल र अन्तरक्रिया गर्ने आयोगको तयारी रहेको छ। रासस

# बजेट कार्यान्वयनको पूर्वतयारीमा जुट्यो अर्थ मन्त्रालय



काठमाण्डु । अर्थ मन्त्रालयले आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनका लागि पूर्वतयारी सुरु गरेको छ । चालु आर्थिक वर्षको बाँकी अवधिमा गर्नुपर्ने सार्वजनिक खर्चको व्यवस्थापन र आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि गर्नुपर्ने पूर्वतयारीका सम्बन्धमा अर्थ मन्त्रालयले आज अरू विषयगत मन्त्रालयका सचिवहरूसँग छलफल गरेको छ।

छलफलका क्रममा अर्थमन्त्री डा प्रकाशशरण महतले चालु आर्थिक वर्षमा स्रोतको अवस्था हेरी सिर्जित दायित्व भुक्तानीलाई प्राथमिकता दिन सबै मन्त्रालयका सचिवहरूलाई आग्रह गर्नुभयो। उहाँले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन गर्न अहिलेदेखि नै ठोस कार्ययोजनासहित समय तालिका बनाएर अगाडि बढ्नसमेत सचिवहरूलाई निर्देशन दिनुभयो।

"आगामी आर्थिक वर्षको बजेटमा समावेश भएका बजेट प्रणाली सुधारका कार्यक्रमहरूको कार्यान्वयनमा दृढ भई तयारी थाल्नुस् । बजेट प्रस्तावमा जे प्रतिबद्धता भएको छ त्यो कार्यान्वयन हुन्छ", सचिवहरूलाई निर्देशन दिनुहुँदै अर्थमन्त्री महतले भन्नुभयो ।

मन्त्रालयमा भएको छलफलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ र मुख्यसचिव डा वैकुण्ठ अर्यालले पनि बजेट कार्यान्वयनको पूर्वतयारीमा जुट्न निर्देशन दिनुभयो । बैठकमा अर्थ मन्त्रालयका तर्फबाट चालु र आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनका सम्बन्धमा भएको प्रस्तुतिउपर मन्त्रालयका सचिवहरूले आ-आफ्नो धारणा राख्नुभएको थियो । रासस


## नेपाल राष्ट्र बैंक
### जनकपुर कार्यालय
### मौजुदा सूची सम्बन्धी सूचना

(प्रकाशित मिति २०८०/०३/०८)

यस कार्यालयले आगामी आर्थिक वर्ष २०८०/८१ मा खरिद गर्ने तपसिल बमोजिमका सामान तथा सेवाका आपूर्तिकर्ताहरुको सूची तयार गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिस्टर्ड फर्म तथा कम्पनीहरुले आवेदन फाराममा उल्लेखित योग्यताका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) भित्र यस कार्यालयको मौजुदा सूची (Standing List) मा सूचीकृत हुन आवेदन पेश गर्न नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (पाँचौ संशोधन, २०७९ समेत) को विनियम १८ बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

आवेदन फाराम यस कार्यालयको आन्तरिक प्रशासन फाँट र बैंकको वेवसाइट www.nrb.org.np बाट प्राप्त गर्न सकिने छ। आवेदन पेश गर्दा आवेदन फाराममा उल्लेखित विवरणहरु भरी सहीछाप गरी तोकिएका कागजातहरुका साथ पेश गर्नुपर्ने छ। आवेदन फाराममा उल्लेखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिने छैन। आवेदकलाई सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। अन्य आवश्यक कुरा बुझ्नु परेमा यस कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिने छ।

**तपसिल**

| क्र.स. | विवरण | क्र.स. | विवरण |
|---|---|---|---|
| | (क) **खरिद तथा आपूर्ति तर्फ** | | (ख) **मर्मत तथा सम्भार सेवा** |
| १. | स्टेशनरी तथा छपाई | १. | सवारी साधन मर्मत |
| २. | फर्निचर सामानहरु | २. | विद्युतीय उपकरण (एयरकण्डिसनर, जेनेरेटर, पंखा, पानी तान्ने मोटर, स्टेबलाइजर, वाटरकुलर, भ्याकुम क्लिनर, रेफ्रिजरेटर आदि मर्मत) |
| ३ | एयरकण्डिसनर तथा पार्टपूर्जा | ३. | प्लम्बिङ सेवा (पानीको पाइप, धारा आदि मर्मत) |
| ४. | इलेक्ट्रोनीक्स उपकरण (कम्प्युटर, प्रिन्टर, नोट काउण्टिङ मेसिन, EPABX System, यु.पि.एस.,फ्याक्स आदि) | ४. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, नोट काउण्टिङ मेसिन, EPABX System, यु.पि.एस.,फ्याक्स आदि मर्मत तथा टोनर रिफिलिङ) |
| ५. | विभिन्न मेशिनरी सामानहरु तथा त्यसका पार्टपूर्जाहरु | ५. | विदेशी मुद्रा गन्ने मेशीनको Software upgrade तथा मर्मत गर्ने |
| ६. | पर्दा, कार्पेट, डोरमेट लगायतका फर्निसिङ सामानहरु | ६. | भवन मर्मत (झ्याल, ढोका, सीसा, जाली फिटिङ्ग) |
| ७. | विद्यूतीय सामग्रीहरु | ७. | फर्निचर मर्मत |
| ८. | भौतिक निर्माण (भवन, पर्खाल, कम्पाउण्ड, गेट आदि) | ८. | दराज, फाइलिङ, क्याबिनेट, ट्रंक बाकस आदि मर्मत |
| ९. | सवारी साधनको पार्टपूर्जा | ९. | कम्प्युटर नेटवर्किङ सेवा |
| १०. | विविध फुटकर सामानहरु (डिटरजेन्ट, सरसफाई, लत्ताकपडा आदि) | १०. | सि.सि.टि.भि. मर्मत सम्भार |
| ११. | ट्रंक बाकस | ११. | सौर्य उपकरण मर्मत |
| १२. | सौर्य उर्जा उपकरण | | (ग) **परामर्श सेवा** |
| १३. | पत्रपत्रिका तथा पुस्तक | १. | सिभिल इन्जिनियरिङ सेवा (निर्माण तथा मर्मतका लागि) |
| १४. | हार्डवेयर तथा फिटिङ | २. | आर्किटेक्चरल इन्जिनियरिङ सेवा |
| १५. | Fire Extinguisher रिफिलिङ समेत | | (घ) **अन्य सेवा** |
| १६. | इन्धन (डिजेल, पेट्रोल, मटितेल तथा लुब्रिकेन्टस) | १. | सवारी साधन भाडामा उपलब्ध गराउने |
| १७. | भाँडाकुडाहरु | २. | कुरियर सेवा |
| १८. | बगैंचा सम्बन्धी (बोटबिरुवा, बीउविजन, मलखाद, औषधी, औजार) | ३. | इन्टरनेट सेवा |
| | | ४. | विज्ञापन एजेन्सी सेवा |
| | | ५. | कपडा धुलाई (लण्ड्री सेवा) |



## श्री प्रसाद सिंह माध्यमिक (०-१२) विद्यालय औरही नैनीगौरी
### औरही न.पा.-२, महोत्तरी
### बोलपत्र स्वीकृति गर्ने आशयको सुचना

प्रकाशितमिति : २०८०।०३।०८

यस श्री प्रसाद सिंह मा.वि.औरही नैनीगौरी औरही न.पा.२, महोत्तरीले तपसिलमा उल्लेखित कार्यको लागि मिति २०८०।०१।०६ र २०८०।०२।२६ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका र PPMO website www.bolpatra.gov.np मा प्रकाशित सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय अनुसारको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

**तपसील :**

| सि.न. | विवरण | योजनाको नाम | छनोट भएको बोलपत्र | स्वीकृत रकम रु. (मु.अ.कर र P.S. सहित) |
|---|---|---|---|---|
| १. | SPS/WORKS/NCB/079/80-01 | Construction of Library & Laboratory Block 'B' for Shree Prasad Singh Ma. Bi. Aurahi Naini Gauri School | Sambriddi Sampanna Nirman Sewa Madhyapur, Thimi | 1,73,82,496.86 |

(प्रधानाध्यापक)

# पटनामा प्रतिपक्षको ठूलो बैठक आज, मोदीविरुद्ध सबै दल एकजुट हुने ?

**बीबीसी**

पटना । २३ जुनमा बिहारको पटनामा हुने गैर-भाजपा दलहरूको बैठक धेरै विशेष छ। यसका केही झलकहरू अहिले देखिँदैछन् । कांग्रेसको ब्यानरमा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालको तस्बिर यसैको प्रतिबिम्ब हो। र पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले वाम नेताहरूसँग स्टेज साझेदारी गर्ने पनि अपेक्षा गरिएको छ।




बिहारको राजधानी पटनामा शुक्रबार अर्थात जुन २३ मा हुने विपक्षी दलहरूको बैठकमा राजनीतिका धेरै कट्टर विरोधीहरू सन् २०२४ को लोकसभा चुनावको रणनीतिमा एकअर्कासँग विचारविमर्श गर्न लागेका छन् । करिब १८ विपक्षी दलको यो बैठक बिहारको मुख्यमन्त्री निवास पटनाको एक अन्ना मार्गमा हुने भएको छ।

बिहारका मुख्यमन्त्री नितिश कुमार विपक्षी एकताका लागि केही महिनादेखि प्रयासरत छन् । यसै वर्षको अप्रिलमा नितिशले पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीलाई यस उद्देश्यका लागि भेट्दा ममताले पटनाबाट सुरु गर्ने सल्लाह दिएकी थिइन् ।

विपक्षी एकताको चर्चा महिनौंदेखि भइरहे पनि अहिलेसम्म त्यसको तस्विर सार्वजनिक भएको छैन। पटनाको बैठकबाट विपक्षी दलहरूले यो एकताको आशा पक्कै देख्न सक्छन् । भाजपा विरोधी दलहरूको यो बैठक सफल भयो भने विपक्षी दलहरूको बलियो समूह बन्न सक्छ। यसबाट कुनै पनि दलका समर्थक नभएका मतदातालाई पनि प्रलोभनमा पार्न सकिन्छ।

पटनाबाट किन सुरु गर्ने ?

वास्तवमा धेरै हिसाबले विपक्षीको बैठकका लागि पटना सबैभन्दा उपयुक्त ठाउँ हो। ममता बनर्जीले यसका लागि नितिश कुमारलाई जय प्रकाश नारायणको 'पूर्ण क्रान्ति' आन्दोलनलाई उद्धृत गरेकी थिइन् । सन् १९७४ मा इन्दिरा गान्धीको सरकार विरुद्ध जेपीसँग लगभग सबै प्रमुख विपक्षी दलहरू एकजुट भए । त्यतिबेला पटना विद्यार्थी आन्दोलनदेखि राजनीतिक आन्दोलनको भूमि बनेको थियो ।

यस आन्दोलनले पछि बिहार सहित सम्पूर्ण देशमा राजनीतिका धेरै ठूला अनुहारहरूलाई जन्म दियो। जसमा बिहारका पूर्व मुख्यमन्त्री लालुप्रसाद यादव र वर्तमान मुख्यमन्त्री नितिश कुमार रहेका छन् । अन्य कारणले पनि विपक्षी दलको बैठकका लागि पटना उपयुक्त स्थान हो । सन् २०१५ मा पनि नितिश कुमारले यहाँ बीजेपी विरुद्ध विपक्षी दलहरूको ठूलो गठबन्धन बनाएका थिए । त्यो वर्ष, महागठबन्धनले विधानसभा चुनावमा भाजपालाई पराजित गर्यो। अहिले पनि बिहारमा कुनै संकटविना महागठबन्धनको सरकार चलिरहेको छ । यसमा कांग्रेस, जेडीयू, आरजेडी र वाम दलहरू जस्ता ठूला दलहरू सामेल छन् । शुक्रबार बस्ने विपक्षी दलको बैठकमा यी दल पनि महत्वपूर्ण पक्ष हुन् ।

वरिष्ठ पत्रकार नचिकेता नारायण भन्छन्, "पटना अर्को कारणले पनि महत्त्वपूर्ण छ। जेडियुले 'अपरेशन कमल' मार्फत आफ्नो पार्टी फुटाउने षड्यन्त्र भएको आरोप लगाएको थियो। तर गत वर्ष नितिश कुमारले यो कथित अपरेशनलाई विफल पारेका थिए।"

अर्थात् नितिश कुमारलाई भाजपाको तोडफोडको राजनीतिलाई पराजित गर्ने नेताको रूपमा प्रस्तुत गरिएको थियो । जेडियुले आरोप लगाएको छ कि बीजेपीले जेडियु नेता आरसीपी सिंहलाई यसको लागि प्रयोग गरेको छ । हालैका वर्षहरूमा, कर्नाटक, मध्य प्रदेश र महाराष्ट्र जस्ता धेरै राज्यहरूमा भाजपा विरोधी पार्टीहरूको सरकार समय भन्दा पहिले नै पतन भयो । पछि यी राज्यहरूमा भाजपा वा उनको गठबन्धन सरकार बन्यो । मोदी सरकार विरुद्ध विपक्षीहरूलाई एकजुट गर्ने अभियान सबैभन्दा पहिले आरजेडी प्रमुख लालुप्रसाद यादव र नितिश कुमारले सुरु गरेका थिए । लालुसँग कांग्रेस र वामपन्थी दलसँग काम गरेको अनुभव छ ।अर्कोतर्फ, नितिश कुमार यसअघि भाजपामा थिए र अटल बिहारी वाजपेयीसँग काम गरिसकेका छन् । यस्तो अवस्थामा उनीहरूलाई विगतमा भाजपासँग रहेका दलहरूसँग कुरा गर्न सहज हुन सक्छ।

बैठक कत्तिको महत्त्वपूर्ण छ?

पश्चिम बंगालमा पञ्चायतको चुनाव हुन लागेको बेला विपक्षी दलहरूको यो बैठक हुन लागेको हो। राज्यमा यी चुनावमा कांग्रेस, वाम दल र ममताको टीएमसी आमनेसामने हुन सक्छन्। अर्कोतर्फ दिल्ली र पञ्जाबमा सरकार चलाउँदै आएको आम आदमी पार्टीले कांग्रेसलाई दबाब दिन थालेको छ । आम आदमी पार्टीका नेता सौरभ भारद्वाजले कांग्रेसले दिल्ली र पञ्जाबमा चुनाव लडेन भने हामी पनि राजस्थान र मध्य प्रदेशमा चुनाव लड्ने छैनौं भनेका छन् ।

बरिष्ठ पत्रकार प्रमोद जोशी भन्छन्, "यो बैठक निकै महत्वपूर्ण हुने भएको छ, यसमा दलहरुबीचको मतभिन्नता पनि उठ्नेछ र यसबाट विपक्षी एकताको महत्वपूर्ण समाधान पनि खोज्न सकिन्छ ।" पटनाको सडकमा कांग्रेसका ब्यानर र पोस्टरहरू हेर्दा यो बैठकमा कांग्रेस नेतृत्वदायी भूमिकामा देखिएको देखिन्छ । उनले सबै दलका नेताहरूलाई ठाउँ दिएका यस्ता ब्यानर ठूलो संख्यामा राखेका छन्। वास्तवमा नितिश कुमार पनि त्यही चाहन्थे। सुरुमा पटनाको बैठक १२ जुनमा हुने थियो तर कांग्रेस नेता राहुल गान्धी र मल्लिकार्जुन खर्गेको उपस्थिति सुनिश्चित गर्न सो दिनको बैठक स्थगित गरिएको थियो।

प्रमोद जोशीका अनुसार, "वास्तवमा नीतीश कुमारले त्यस्तो कांग्रेस नेताहरू बैठकमा उपस्थित हुन चाहन्थे जसले निर्णय लिन सक्छन्। त्यसैले राहुल गान्धीलाई पर्खिएको थियो।" नितिश कुमारको पार्टी जनता दल युनाइटेडले यस्तो गठबन्धनमा कांग्रेसको महत्वपूर्ण भूमिकाको बारेमा निरन्तर कुरा गर्दै आएको छ, तर पटनामा आम आदमी पार्टीको ब्यानरमा हेर्दा विपक्षी बैठकभन्दा अरविन्द केजरीवाल उनीहरुका लागि महत्वपूर्ण छन् ।

कति आशा

गत वर्ष हिमाचल प्रदेश र अहिले कर्नाटक विधानसभा चुनावमा कांग्रेसको जितपछि विपक्षी र विशेषगरी विपक्षी सबैभन्दा ठूलो दल कांग्रेसमा आशाको किरण देखिएको छ । नचिकेता नारायणका अनुसार हालैको जितले कांग्रेस र प्रतिपक्षमा आफूहरू हारेका छैनन्, अझै मैदानमा छन् भन्ने आशा जगाएको छ। यो बैठकले विपक्षी दलको सम्बन्धमा जमेको हिउँ पनि अलिकति पग्लन सक्छ।

यो बैठकमा पहिले नितिश कुमारले बोल्ने र त्यसपछि कांग्रेस अध्यक्ष मल्लिकार्जुन खर्गेको पालो आउने विश्वास गरिएको छ। बैठकको अन्त्यमा कांग्रेस नेता राहुल गान्धीले बोल्न सक्नेछन्। प्रमोद जोशी भन्छन्, "चुनावपछिको नेता चयन, कांग्रेसको केन्द्रीय भूमिका, आम आदमी पार्टीको आशाजस्ता धेरै महत्त्वपूर्ण विषयहरू यसमा छलफल गर्न सकिन्छ। नितिश कुमारले पनि यस्तो प्रस्ताव ल्याउन सक्छन्। बीजेपी विरुद्धको चुनावमा एक विपक्षी उम्मेदवार मात्र हुनुपर्छ र यसका लागि कांग्रेसलाई केही त्याग गर्न भनिन्छ।

यद्यपि ममता बनर्जी र अरविन्द केजरीवाललाई पनि यस्तो बलिदान दिन भन्न सकिन्छ। जहाँ ममता पश्चिम बंगालदेखि गोवा र पूर्वोत्तर राज्यहरूमा पार्टी विस्तार गर्न चाहन्छिन्। योसँगै दिल्ली र पञ्जाबपछि अरविन्द केजरीवाल गुजरात, मध्य प्रदेश र राजस्थानमा पनि दस्तक दिन चाहन्छन् । यी सबै ठाउँमा यी दुई नेतासँग कांग्रेसको भिडन्त हुनसक्छ।

जुन इतिहास प्रतिपक्षको एकताले दोहोरिएको छ, त्यही इतिहासले देखाएको छ कि निर्वाचनमा जनता पार्टीले जेपीको नेतृत्वमा कांग्रेसलाई पराजित गरे पनि निरन्तरको मतभेदका कारण त्यो सरकार पनि सत्तामा रह्यो करिब साढे दुई वर्षसम्म । यस्तो अवस्थामा पटनामा भेला भएका नेताहरुलाई चुनावअघि मतभेद मात्रै मिलाएर मात्रै नभई चुनावपछि सफलता मिले पनि एकता कायम हुने खालको सूत्र तयार गर्नुपर्ने चुनौती रहेको छ।

जसमा बिहारका मुख्यमन्त्री तथा जनता दल युनाइटेडका नितिश कुमार, राष्ट्रिय जनता दलका लालुप्रसाद यादव, कांग्रेसका राहुल गान्धी र मल्लिकार्जुन खर्गे, तृणमूल कांग्रेसकी ममता बनर्जी, आम आदमी पार्टीका अरविन्द केजरीवाललगायत सहभागी हुनेछन् ।

यसबाहेक द्रमुकका एमके स्टालिन, राष्ट्रवादी कांग्रेस पार्टीका शरद पवार, शिव सेवा (उद्धव ठाकरे गुट)का उद्धव ठाकरे, समाजवादी पार्टीका अखिलेश यादव, झारखण्ड मुक्ति मोर्चाका हेमन्त सोरेन, मार्क्सवादी कम्युनिस्ट पार्टीका सीताराम यचुरी, मार्क्सवादी-लेनिनवादी कम्युनिष्ट पार्टीका दिपङ्कर भट्टाचार्य, पिपल्स डेमोक्रेटिक पार्टीकी मेहबुबा मुफ्ती, नेसनल कन्फ्रेन्सका ओमर अब्दुल्लालगायतका ठूला नेताहरु सहभागी हुने छन् ।

यस बैठकको उद्देश्य नरेन्द्र मोदी र भाजपाको नेतृत्वमा रहेको वर्तमान सरकार विरुद्ध २०२४ को आमचुनाव अघि बलियो प्रतिपक्ष तयार गर्ने प्रयास गर्नु हो। तर, गैर-भाजपा दलहरूको यो मित्रता कत्तिको बलियो हुन्छ र कति लामो समयसम्म रहन्छ, त्यो हेर्न रोचक हुनेछ। यस बैठकअघि नै दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले आफ्नो शर्त राखेका छन् । केजरीवालले पटनाको बैठकमा दिल्लीसँग सम्बन्धित केन्द्र सरकारको अध्यादेशलाई पहिले छलफल गर्नुपर्छ भन्ने धारणा राखेका छन् । चुनावमा विपक्षी दलहरूको मतको तितरबितर कम गर्न, भाजपा र नरेन्द्र मोदीको २०२४ को बाटो अवरुद्ध गर्न यो बैठक आयोजना गरिएको हो ।

# चीनद्वारा अमेरिकालाई अपराधीको आश्रयस्थल नबन्न अनुरोध

**सिन्ह्वा**

बेइजिङ। चीनले अमेरिकालाई आफ्नो अन्तरराष्ट्रिय जिम्मेवारी पूरा गर्न र अपराधीहरूको सुरक्षित आश्रयस्थलमा परिणत हुनबाट रोक्न आग्रह गरेको छ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता माओ निङले बुधबार आयोजित नियमित पत्रकार सम्मेलनमा दुई चिनियाँ नागरिकलाई अमेरिकामा मङ्गलबार सजाय दिइएको र जबरजस्ती चीन फिर्ता पठाएको बारेका जिज्ञासा राख्दा उक्त टिप्पणी गर्नु भएको हो।

"सीमापार अपराधहरू विरुद्ध लड्न, भ्रष्ट भगौडाहरूलाई स्वदेश फिर्ता गर्ने र गैरकानूनी आम्दानीलाई नियन्त्रण गर्ने लगायतका विषय अन्तरराष्ट्रिय समुदायले व्यापक रूपमा मान्यता दिएको विषय हो र यो न्यायोचित पनि हो," माओले भन्नुभयो।

विश्वका कुनै पनि देशसँग चीनको कानून प्रवर्तन सहयोग अन्य देशको कानुन र न्यायिक सार्वभौमसत्ताको पूर्ण सम्मान गर्दै र अपराधी संदिग्ध व्यक्तिहरूको कानुनी अधिकार र हितको रक्षा गर्ने प्रतिबद्धताका साथ अन्तरराष्ट्रिय कानूनको कडाइका साथ सञ्चालन गरिने पनि माओले प्रतिबद्धता व्याक्त गर्नु भएको छ।

"सम्बन्धित कार्य पूर्णतया न्यायोचित छ। अर्कोतर्फ अमेरिकाले तथ्यहरूलाई बेवास्ता गर्ने गरेको छ, जानाजानी चीनको प्रयासलाई भयावह चीजको रूपमा विकृत गरेको छ र न्यायिक कारबाही पनि फरक ढङ्गले गरेको छ। चीन यसको कडा विरोध गर्दछ," माओले भन्नु भएको छ।

उहाँले अमेरिकालाई आफ्नो गल्ती तुरुन्त सच्याउन, अन्तरराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघ महासन्धि, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघ महासन्धि र अन्य अन्तरराष्ट्रिय सन्धिहरू अन्तर्गत आफ्नो दायित्व पूरा गर्न आग्रह गरेको छ साथै आफ्नो अन्तरराष्ट्रिय जिम्मेवारी पूरा गर्न पनि उहाँले अमेरिकाको ध्यानाकर्षण गर्नु भएको छ।

# रोजगारी खोज्ने क्रममा नै लैङ्गिक विभेद

**सिन्ह्वा**

टोकियो । जापानमा हालै गरिएको एक सर्वेक्षणले जापानमा रोजगारी खोज्नेमध्ये करिब ३३ प्रतिशतले आफ्नो लिङ्गका कारण भेदभाव महसुस गरेको देखाएको स्थानीय अखबार असाही शिम्बुनले जनाएको छ। रेन्जो नामले चिनिने जापानी ट्रेड युनियन कन्फेडेरेसनले गत तीन वर्षमा १५ देखि २९ वर्ष उमेर समूहका एक हजार पुरूष र महिलालाई समेटेर गरेको अनलाइन सर्वेक्षणका क्रममा रोजगारी खोज्ने क्रममा विभेद हुने गरेको देखिएको हो।

राष्ट्रव्यापी सर्वेक्षणले ३२.८ प्रतिशत उत्तरदातामध्ये ३०.१ प्रतिशत पुरुष र ३५.७ प्रतिशत महिला यौनिकताबाट पीडित रहेको देखाएको छ । सर्वेक्षणमा सहभागी मध्ये ३९.६ प्रतिशत उत्तरदाताले पुरुष वा महिलाका लागि काम गर्ने स्थान तयार पारिएको बताएका थिए भने ३६.९ प्रतिशतले फरक फरक लैंगिक रोजगार कोटा रहेको बताएका थिए।

यसबाहेक, जागिरको खोजीमा भौतारिएका १९.५ प्रतिशत व्यक्तिले उनीहरूको अन्तर्वार्ताको क्रममा अनुचित टिप्पणीहरू सुनेको बताएका छन् । "तपाईं महिला भएकाले रोजगारीबाट छिट्टै बिदा लिनुहुन्छ," महिलालाई रोजगारी दिंदा हुने समग्र बुझाइबारे २५ वर्षीया एक महिलाले कम्पनीका प्रतिनिधिलाई उद्धृत गर्दै भन्नुभयो।

# युक्रेन आक्रमणले क्रिमियाको पुलमा क्षति

**एएफपी**

मस्को। जारी हड्तालले रूसले आंशिक रूपमा कब्जा गरेको दक्षिणी युक्रेनको क्षेत्रसँग गाभिएको क्रिमियन प्रायद्वीपलाई जोड्ने पुलमा क्षति पुगेको छ। रूसी अधिकारीले बिहीबार यसबारे टिप्पणी गरेका छन् ।

"रातको समयमा गरिएको हड्तालले चोङ्गर पुलमा क्षति पुगेको छ तर सो आक्रणबाट त्यहाँ कोही पनि पीडित छैनन्," क्रिमियाका रूसद्वारा स्थापित गभर्नर सर्गेई अक्स्योनोभले टेलिग्राममा उल्लेख गरेका छन् ।

यो पुलले सन् २०१४ मा रूसले युक्रेनबाट गाभिएको क्रिमियालाई युक्रेनी क्षेत्रसँग जोड्दै आएको छ।

# ट्यूनिसियामा रेल दुर्घटनाःदुई जनाको मृत्यु, ३४ जना घाइते

**सिन्ह्वा**

ट्यूनिस । पूर्वी-मध्य ट्यनिसियामा रात्रिकालीन यात्रुवाहक रेल पटरीबाट खसेर पल्टिँदा कम्तीमा दुई जनाको मृत्यु भएको छ। साथै अन्य ३४ जना घाइते भएका छन् । ट्यूनिसियन रेलवेको राष्ट्रिय कम्पनीले बुधबार जनाएअनुसार मध्यरातको केही समयपछि सोसे प्रान्तको मसाकेन शहर नजिकै सो रेल पटरीबाट खसेपछि दुर्घटना भएको हो ।

पीडित चालक र यात्रु रहेको एसएनसीएफटीले जनाएको छ । उक्त ट्रेन ट्यूनिसियाको राजधानी ट्यूनिसदेखि दक्षिणपूर्वी प्रान्त गाबेससम्मका लागि यात्रारत थियो।

दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धान शुरु गरिएको एसएनसीएफटीले जनाएको छ।

# भारत-अमेरिका साझेदारीले दिगो, समावेशी विश्वव्यापी वृद्धिको लागि चालु इन्जिनको रूपमा काम गर्ने : प्रधानमन्त्री मोदी

**एएनआई**

भर्जिनिया । भारत र संयुक्त राज्य अमेरिका बीचको साझेदारीले दिगो र समावेशी विश्वव्यापी वृद्धिका निम्ति चालु इन्जिनको रूपमा काम गर्ने भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बताउनुभएको छ । अमेरिकाको भ्रमणमा रहनुभएका प्रधानमन्त्री मोदीले बुधबार नेशनल साइन्स फाउन्डेशनमा 'भविष्यका लागि सीप' कार्यक्रमलाई सम्बोधन गर्दै सो टिप्पणी गर्नु भएको हो।



प्रधानमन्त्री मोदीले दुई देशबीचको बढ्दो गतिलाई कायम राख्न प्रतिभाको व्यवस्थापन र आदानप्रदानको आवश्यकतामा जोड दिनुभएको छ । "विकासको गतिलाई कायम राख्न भारत र अमेरिकालाई प्रतिभाको पाइपलाइन आवश्यक छ । एकातिर अमेरिकासँग उच्चस्तरीय शैक्षिक संस्था र उन्नत प्रविधि छन्, अर्कातर्फ भारतमा विश्वको सबैभन्दा ठूलो युवा कारखाना छ । त्यसैले मलाई विश्वास छ - भारत-अमेरिका साझेदारी दिगो र समावेशी विश्वव्यापी वृद्धिका निम्ति चालु इन्जिन साबित हुनेछ," प्रधानमन्त्री मोदीले भन्नुभयो।

यसअघि बुधबार वाशिङ्टन डिसी पुग्नुभएका प्रधानमन्त्री मोदीलाई एयरबेसमा औपचारिक स्वागतका साथै गार्ड अफ अनर दिइएको छ । प्रधानमन्त्री मोदी त्यसपछि अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिलाले आयोजना गर्नु भएको राजकीय रात्रिभोजमा सहभागी हुने कार्यक्रम छ। प्रथम महिला जिल बाइडेनको साथमा प्रधानमन्त्री मोदीले भर्जिनियाको अलेक्जान्ड्रियामा रहेको नेशनल साइन्स फाउन्डेशनको भ्रमण गर्नु भएको हो। सो अवसरमा उहाँहरूले महत्त्वपूर्ण उद्योगमा सफल पार्नका लागि सान्दर्भिक सीप हासिल गरिरहेका दुवै देशका विद्यार्थीसँग कुराकानी गर्नु भएको थियो।

सो अन्तरक्रियामा नयाँ शिक्षा नीति लागू गर्ने, शिक्षा र सीपलाई एकीकृत गर्ने जस्ता विद्यार्थीको उज्ज्वल भविष्य सुरक्षित गर्न भारत सरकारले गरेका पहल माथि प्रकाश पारिएको थियो। विद्यार्थीको उज्ज्वल भविष्यका लागि भारत सरकारले गरेको कामको चर्चा गर्दै प्रधानमन्त्री मोदीले नयाँ शिक्षा नीति ल्याइएको र शिक्षा र सीपलाई एकीकृत गर्ने योजना बनाएको बताउनु भएको छ । स्किल इन्डिया अन्तर्गत भारतले आर्टिफिसियल इन्टेलिजेन्स, ब्लकचेन, ड्रोनको क्षेत्रमा "१५ अर्ब मानिस"लाई दक्ष बनाएको छ।

उहाँले विद्यालयमा भारत सरकारले १० हजार अटल टिङ्करिङ ल्याब स्थापना गरी बालबालिकालाई आविष्कारमा सङ्लग्न हुने सुविधा उपलब्ध गराएको पनि जानकारी दिनुभएको छ। प्रधानमन्त्री मोदीले अमेरिकी विद्यार्थीलाई भारत आउन आग्रह गर्दै अमेरिकाका सयौं शिक्षक पहिले देखिनै भारतमा रहेको र प्राविधिक साझेदारीमा भाग लिइरहेको बताउनु भएको छ।

# चिनियाँ रक्षामन्त्री र दक्षिण अफ्रिकाका सेना प्रमुखबीच भेटवार्ता

**सिन्ह्वा**

बेइजिङ। चिनियाँ राज्य परिषद्का सदस्य तथा रक्षामन्त्री ली साङफुले बुधबार बेइजिङमा दक्षिण अफ्रिकी राष्ट्रिय रक्षा बलका प्रमुख रुद्जानी माफवान्यासँग भेटवार्ता गर्नुभएको छ।

लीले चिनियाँ पक्ष दक्षिण अफ्रिकी सेनासँग रणनीतिक सञ्चारलाई गहिरो बनाउन, संयन्त्रको निर्माणमा सुधार गर्न, सेनाबीचको गहिरो र मूर्त सहयोग आदानप्रदानलाई अगाडि बढाउन सच्छुक रहेको बताउनुभएको छ। त्यसैगरी साझा सुरक्षा चुनौतीलाई संयुक्तरूपमा सम्बोधन गर्न पनि चीन इच्छुक रहेको उहाँले बताउनुभएको छ।

माफवान्याले चिनियाँ पक्षसँग विभिन्न क्षेत्रमा व्यावहारिक सहयोग आदानप्रदान गर्न र त्यसलाई निरन्तरता दिन, सेनाबीचको सम्बन्ध सुधार गर्न र संयुक्तरूपमा योगदान गर्न इच्छुक रहेको बताउनु भएको छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि.सं. २०१८
बैशाख १ गते

स्वर्गारोहणः
वि.सं. २०८०
आषाढ ४ गते

स्व. श्री राजेन्द्र कुमार जैन

हाम्रा डिलर पार्टनर गिरिजा अटोमोबाइलका सञ्चालक श्री गुड्डु जैनका पूजनीय पिता श्री राजेन्द्र कुमार जैनको यही २०८० आषाढ ४ गते ६२ वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्तै मर्माहित र स्तब्ध भएका छौं । यस दुःखद् घडीमा मृतकको आत्माको चिर शान्तिको लागि परमेश्वरसँग प्रार्थना गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दैछौं ।

सिप्रदी ट्रेडिङ्ग प्रा. लि.
प्यासेन्जर भेहिकल बिजनेस युनिट

# वैदेशिक सहयोग समेत खर्च भएन !



काठमाण्डु । प्रदेश र स्थानीय तहले आवश्यक चासो र ध्यान नपुर्‍याएका कारण लोकतान्त्रिक पद्धति सुदृढीकरण र शासकीय सुधार क्षमता अभिवृद्धि कार्यक्रमका लागि प्राप्त वैदेशिक सहयोगको ठूलो अंश खर्च नभएको तथ्य सार्वजनिक भएको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहत सञ्चालनमा रहेको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पिएलजीएसपी) को ठूलो रकम खर्च हुन नसकेको हो । आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्म उक्त कार्यक्रम सञ्चालनका लागि रु १४ अर्ब ९५ करोड रकम व्यवस्थापन गरिएकामा गत चैतसम्म रु तीन अर्ब २३ करोड ८७ लाख मात्र खर्च भएको राष्ट्रिय कार्यक्रम निर्देशक व्यवस्थापक भूपेन्द्र सापकोटाले जानकारी दिनुभयो । प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम सङ्घीय सुशासनमा केन्द्रित सरकारको मुख्य राष्ट्रिय कार्यक्रम हो ।

मुलुक आर्थिक सङ्कटको चुनौतीसँग जुधिरहेका बेला वैदेशिक सहयोगमा सञ्चालित कार्यक्रमका लागि प्राप्त अनुदानसमेत खर्च हुन नसक्नुलाई प्राथमिकता प्राप्त कार्यक्रममै तीन तहकै सरकारको आवश्यक चासो र ध्यान नपुगेको घटनाका रुपमा हेरिएको छ ।

लक्षित कार्यक्रम सञ्चालनका लागि कतिपय प्रदेश र स्थानीय तहले तोकिएको समयमा सहयोग लिन नआएका तथा केहीले सहयोग लिएर पनि सही ढङ्गले प्रयोग नगरेकाकारण अनुदान बेरुजु हुन पुगेको छ ।

कानुनको मस्यौदा तर्जुमा, अन्तर-सरकारी संयन्त्र स्थापना, सार्वजनिक वित्त व्यवस्थापन, विद्युतीय सुशासन र जवाफदेही तुल्याउन क्षमता अभिवृद्धि गराउने अर्थात् खासगरी प्रदेश र स्थानीय तहमा संस्थागत संरचना सुदृढ तुल्याउने सन्दर्भमा कार्यक्रम लक्षित छ ।

प्रदेश र स्थानीय दुवै तहमा जनप्रतिनिधि, संरचना र त्यहाँ काम गर्ने जनशक्ति नयाँ भएकाले सबै पक्षमा क्षमता अभिवृद्धि गर्ने कार्यक्रमको उद्देश्य हो । उक्त कार्यक्रमका लागि सरकारबाट रु तीन अर्ब ४५ करोड र संयुक्त राष्ट्रसङ्घ, युरोपियन युनियन, नर्वेलगायत नेपालका विकास साझेदार संस्थाबाट रु ११ अर्ब ५० करोड अनुदान उपलब्ध छ । सो रकममध्ये सङ्घीय सरकारलाई रु एक अर्ब ८९ करोड ७५ लाख, प्रदेशलाई रु सात अर्ब २२ करोड २० लाख र स्थानीय तहका लागि रु पाँच अर्ब ८३ करोड पाँच लाख बजेट व्यवस्थापन गरिएको थियो ।

कार्यक्रमले नयाँ संरचनाका लागि आवश्यक ऐन तथा नीति निर्माण, अन्तर सरकारी संयन्त्रको सवलीकरण, सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरणसहित १४ वटा उपलब्धिको अपेक्षा गरे पनि खास गरी संविधानअनुरुप सङ्घीय शासन प्रणालीलाई टेवा पुग्ने गरी सबै तहका सरकारी निकाय र अन्तर सरकारी संयन्त्रलाई पूर्ण क्रियाशील बनाइने लक्ष्य राखेको छ ।

त्यस्तै प्रदेश र स्थानीय तहमा दक्ष, प्रभावकारी, समावेशी र उत्तरदायी संस्थागत संरचना तयार गरिने तथा कार्यक्रम कार्यान्वयनसँगै निर्वाचित जनप्रतिनिधि र कर्मचारीबाट सेवा प्रवाह प्रभावकारी हुने अपेक्षा छ । मन्त्रालयका सचिवको अध्यक्षतामा बसेको राष्ट्रिय कार्यान्वयन समिति र राष्ट्रिय वित्तीय जोखिम परामर्श उपसमितिको पछिल्लो बैठकले कार्यक्रमको हालसम्मका उपलब्धि, लक्षित नतिजा हासिल गर्न गरिएका प्रयासको समीक्षा गर्दै आगामी दिनमा कार्यक्रमलाई थप नतिजामुखी तुल्याउन हरसम्भव प्रयास गर्ने अठोट लिएको छ ।

सातौँ बैठकका निर्णय कार्यान्वयन र भावी कार्ययोजना, चालु अवधिको प्रगति विवरण, आगामी आवका लागि प्रस्तावित बजेट कार्यक्रम र तेस्रो पक्षबाट प्रस्तुत अनुगमन मूल्याङ्कन प्रतिवेदनमा सो अवसरमा विस्तृत एवं गहन छलफल भएको व्यवस्थापक सापकोटाले बताउनुभयो ।

कार्यक्रम कार्यान्वयनको अवधि समाप्त हुन लागे पनि सहयोग रकमको ठूलो अंश खर्च नभएको परिप्रेक्ष्यमा आगामी एक वर्षलाई सङ्क्रमणकालीन वर्षका रुपमा अघि बढाउने र त्यसपछि सरोकारवाला पक्षसँगको बृहत् छलफलका आधारमा नयाँ कार्ययोजना र ढाँचा निर्क्यौल गरिने बताइएको छ ।

कार्यक्रमले लैङ्गिक समानता र सामाजिक समावेशिता, नवप्रवर्तन साझेदारी केन्द्र स्थापना र नागरिक सहभागिता अभिवृद्धिमा समेत दुवै तहका सरकारलाई सहयोग पुर्‍याउँदै आएको छ । उक्त कार्यक्रमले प्रदेश र स्थानीय तहमा सङ्घीयताको संस्थागत विकास र सुदृढीकरणका लागि सहकारी सङ्घीयताको भावनाअनुरुप साझा संरचना प्रदान गर्दैआएको छ । कार्यक्रम सङ्घ, प्रदेश तथा स्थानीय तहको संस्थागत, सङ्गठनात्मक र व्यक्तिगत क्षमता विकासमा केन्द्रित छ ।

कार्यक्रम कार्यान्वयन भएपछि प्रदेश तथा स्थानीय सरकार क्रियाशील, दिगो, समावेशी र जवाफदेही भई सञ्चालन हुने लक्ष्य निर्धारण गरिएको छ । उक्त कार्यक्रमबाट दुवै तहको शासन प्रणाली र प्रक्रिया एवं अन्तरसरकारी सम्बन्ध सुदृढ भई नागरिकका लागि लाभ प्राप्त गर्ने अपेक्षा गरिएको छ ।रासस

# चिया किसानलाई दिइएको प्राविधिक तालिम प्रभावकारी

झापा । राष्ट्रिय चिया तथा कफी विकास बोर्डले इलामका किसानलाई दिइएको गुणस्तरीय चिया टिपाइसम्बन्धी तालिम प्रभावकारी देखिएको छ । दुई हजार सात सय ९० चिया किसानलाई गत मङ्सिरमा तालिम प्रदान गरिएको थियो ।

चिया टिपाइको मध्य मौसममा आएर उक्त तालिमको प्रभावकारिता महसुस गरिएको सूर्योदयका किसान रमेश भट्टराईले बताउनुभयो । उहाँले भन्नुभयो, “हामिलाई चिया रोप्नेदेखि, छाँटकाँट, मलजल, टिपाइ, ढुवानी, प्रशोधन, प्याकेजिङलगायत सबै क्षेत्रमा प्रयोगात्मक सीप सिकाइएको थियो ।”

परम्परागतरुपमा चियाको टिपाइ गर्दै आएका किसान प्राविधिक तालिम पाएपछि काममा सहजता भएको बताउँछन् । “विगत वर्षमा भन्दा यस वर्ष सहज तरिकाले चियाको काम गर्न सकिरहेका छौँ”, तालिममा सहभागी किसान रोहित सापकोटाले भन्नुभयो, “तालिमकै कारण चियाको गुणस्तर र उत्पादनमा समेत १० प्रतिशतभन्दा धैरैले वृद्धि भएको छ ।”

तालिम पाएपछि किसानलाई चिया टिप्न मात्र नभएर मलखादको व्यवस्था, गोडमेल, काँटछाँट जस्ता कामको शैलीमा परिवर्तन भएको छ । उनीहरुले अहिले प्राविधिक उपकरणको प्रयोगसमेत बढाएका छन् । चिया श्रमिकको प्रत्यक्ष अभाव भोग्दै आएका किसानले यही झन्झटबाट मुक्ति पाउन मेसिनको प्रयोग गर्ने गरेका छन् ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डले चरणबद्धरुपमा किसान लक्षित प्रयोगात्मक कार्यक्रम सञ्चालन गरिरहेको बोर्डका कार्यकारी निर्देशक विष्णुप्रसाद भट्टराईले बताउनुभयो । उहाँले भन्नुभयो, “यसअघि पनि चियाका लागि धैरै कार्यक्रम भए तर उद्योगसम्म पुगेका कारण चिया किसानले केही जानकारी नपाएको गुनासो आयो, गएको मङ्सिरमा भने किसानसँगै प्रत्यक्षरुपमा रहेर पूर्ण प्रयोगात्मक प्रशिक्षण गराएका थियौँ, किसानले व्यावहारिक ज्ञान र सीप एकैपटक सिक्नुभएछ खुसी लाग्यो ।”

पन्ध्रदेखि ३० जनाका ११ वटा समूह बनाएर प्रत्येक समूहमा दुई चिया प्राविधिकबाट तालिम सञ्चालन गरिएको थियो । तालिम जिल्लाका फिक्कल, मङ्गलबारे, इलाम, शान्तिडाँडा, जस्बिरे, साँखेजुङलगायतमा फिल्डमा नै सञ्चालन गरिएको थियो । बोर्डले तालिका बनाएर जिल्लामा छरिएका सबै समूहमै पुगेर प्राविधिकमार्फत चियाको कटिङसहित मौसमअनुसारका काम सिकाउँदै आएको छ ।

चियालाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार नेपाली चियाको गुणस्तर अभिवृद्धि गर्न, जैविक प्रमाणित भएको चिया निर्यात अभिवृद्धि गर्न, अर्थोडक्स चियाको निर्यात मूल्यवृद्धि गर्न, चिया उत्पादकको आम्दानीमा दिगो सुधार तथा चिया क्षेत्रमा लगानी वृद्धि र थप रोजगारी सिर्जना गर्ने मुख्य लक्ष्य रहेको निर्देशक भट्टराईले जानकारी दिनुभएको छ । रासस

# नेप्से परिसूचक चार दशमलव ७५ अङ्कले उकालो लाग्यो

काठमाण्डु । शेयर कारोबार हुने साताको अन्तिम दिन बिहीबार धितोपत्र बजारमा कारोबार मापक नेप्से परिसूचक झिनो अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव ७५ अङ्कले उकालो लागेर दुई हजार ५५ दशमलव ५३ मा पुगेको छ ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ३० अङ्कले ओरालो लागेर तीन सय ८५ दशमलव ८१ मा सिमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर मूल्य उकालो लागेको छ भने नौ उपसमूहको शेयर मूल्यमा ओरालो लागेको छ ।

कूल ८० लाख आठ हजार दुई सय ४६ कित्ता शेयर रू तीन अर्ब ४४ करोड ४८ लाख ६२ हजार पाँच सय एक मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सेका अनुसार, सोल्टी होटल शीर्ष स्थानमा छ । सो कम्पनीको रू २९ करोड ६३ लाख ८२ हजार सात सय ३८ बराबरको कारोबार भएको छ ।

हिमालयन डिस्टिलरी रू १५ करोड दुई लाख ७६ हजार एक सय ८७, शिवम् सिमेन्ट रू १४ करोड ७५ लाख ४२ हजार एक सय ८३, आइजीआई पुडेन्सियल इन्स्योरेन्स रू १३ करोड २३ लाख ५४ हजार सात सय ८७ र नागरिक लगानी कोष रू १२ करोड ५४ लाख ६१ हजार बराबरको कारोबार भई शीर्ष पाँचमा परेका छन् ।

नेप्सेका अनुसार, तारागाउँ रिजेन्सी होटल, ओरियन्टल होटल, कालीञ्चोक दर्शन, बीपीडब्ल्यू लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भएको छ । यस्तै, सिटी होटलका लगानीकर्ताले नौ दशमलव ९८ प्रतिशतले कमाएका छन् । सिटिजन म्युचुअल फण्ड पहिलो आठ दशमलव ४१, इन्गवा हाइड्रोपावर सात दशमलव ५३, नेष्डो समृद्धि लघुवित्त सात दशमलव १८, कालिका पावर कम्पनी छ दशमलव ९१ र एनआइबीएल ग्रोथ फण्डका लगानीकर्ताले पाँच दशमलव ४६ प्रतिशतले गुमाएका छन् । रासस

# भैरहवा भन्सार कार्यालयमा प्रज्ञापनपत्र भर्ने बढे

रुपन्देही । भैरहवा भन्सार कार्यलयले गत जेठ १६ गतेदेखि रू एक सय भन्दा बढी मूल्यको समान ल्याउदा अनिवार्य भन्सार महसुल लिने व्यवस्थामा कडाइ गरेपछि प्रज्ञापनपत्र भर्नेको सङ्ख्या बढेको छ । प्रज्ञापनपत्रमा कडाइ नहुँदा घरयासी प्रयोजनका लागि भन्दै भारतबाट समान ल्याउनेको सङ्ख्या उल्लेख्य रहेकामा अनिवार्य भन्सार महसुल लिने व्यवस्थामा कडाइ गरेपछि प्रज्ञापनपत्र भर्नेको सङ्ख्या बढेको हो ।

भन्सार कार्यालयका प्रमुख मणिराम पौडेलले भन्नुभयो, “हामीले प्रज्ञापनपत्र नभरी कुनै पनि घरायासी होस् वा अन्य कुनै प्रयोजनको समान नेपाल ल्याउन दिएका छैनौँ । यसैले सर्वसाधरणले स्वतःस्फूर्त रुपमा प्रज्ञापनपत्र भरिरहनुभएको छ ।” भन्सारको अभिलेख अनुसार जेठ १६ देखि जेठ मसान्तसम्मको अवधिमा तीन हजार तीन सय ६६ जनाले प्रज्ञापनपत्र भरेर समान लिएका छन् । गत वर्षको जेठ महिनाभरी तीन सय छ जनाले मात्रै प्रज्ञापनपत्र भरेर समान लिएको तथ्याङ्क छ ।

भन्सारको अभिलेखका अनुसार विसं २०७९ फागुनमा एक हजार दुई सय १५ जनाले, चैतमा एक हजार तीन सय ४४ जनाले प्रज्ञापनपत्र भरेका छन् । विसं २०८० वैशाखमा एक हजार एक सय ८३ र जेठमा तीन सय ५७ जनाले मात्रै प्रज्ञापनपत्र भरेका थिए । भन्सार व्यवस्थालाई कडाइ गरेपछि जेठ १६ देखि ३२ सम्मको १६ दिनको अवधिमा ३० हजार तीन सय ६६ जनाले प्रज्ञापन भरेका कार्यालयका प्रमुख पौडेलले जानकारी दिनुभयो ।

**भन्सार कडाइप्रति उद्योगी व्यवसायीको समर्थन**

भन्सार कार्यालयले प्रज्ञापनपत्र नभरी कुनैपनि समान नेपाल ल्याउन नदिने गरी कडाइ गरेपछि उद्योगी व्यवसायीका नेताले समर्थन जनाएका छन् । सिद्धार्थ उद्योग वाणिज्य सङ्घको सभाहलमा आयोजित एक कार्यक्रममा उद्योग वाणिज्य महासङ्घका केन्द्रिय सदस्य तथा लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले भन्सारमा कडाइ गरेपछि प्रारम्भिक रुपमा सीमावारीको व्यापारमा सकारात्मक प्रभाव परेको बताउनुभयो ।

“भन्सारमा कडाइ गरेसँगै यसको सकारात्मक प्रभाव परेको छ भने साना व्यवसायीलाई धैरै राहत भएको छ । दीर्घकालीन असर केही समयमा देखिन्छ”, उहाँले भन्नुभयो । उहाँले चोरी तस्करीको सामान किन्ने व्यवसायीलाई प्रहरीले सहजै पक्राउ गर्न सक्ने बताउनुभयो । “कसैले पनि तस्करीको समान न किनौँ, कुनै व्यवसायीले बिल विजक बिनाको समान किनेमा प्रहरी प्रशासनले कारबाही गर्छ”, शर्माले भन्नुभयो ।




कार्यक्रममा उद्योग वाणिज्य महासङ्घका केन्द्रिय सदस्य राजेश अग्रवालले भन्सारमा गरिएको कडाइ सकारात्मक रहेको भन्दै चोरी तस्करी नियन्त्रणमा सबैको सहयोग जरुरी रहेको बताउनुभयो । सिद्धार्थ उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष कूलप्रसाद न्यौपानेले तस्करीको समान भैरहवा बुटवल मात्रै नभएर पाल्पा, गुल्मी, चितवन, काठमाडौँसम्म पुग्ने गरेकामा अब त्यो काम रोकिने बताउनुभयो ।

उद्योग वाणिज्य महासङ्घका पूर्व केन्द्रिय सदस्य महेन्द्रकुमार श्रेष्ठले भैरहवा भन्सारले गरेको कडाइले चोरी तस्करी मात्रै नभएर लागुऔषध र अन्य सामाजिक विकृतिमा पनि न्यूनीकरण गरिरहेको बताउनुभयो । वरिष्ठ पत्रकार माधव ढुङ्गानाले नेपालको भन्सार ऐन अनुसार संक्षिप्त प्रज्ञापनपत्र कार्यन्वयनमा गरिएको कडाइप्रति भारतीय पक्षले टाउको दुखाउनुको अर्थ नहुने बताउनुभयो ।

लुम्बिनी प्रेस क्लबका निवर्तमान अध्यक्ष नरेश केसीले भन्सारमा कडाइ गर्ने कार्य राम्रो भएको बताउँदै मूल भन्सार भन्दा दायाँबायाँको नाकाबाट भइरहेको चोरी तस्करी नियन्त्रणमा सबैको सहकार्य जरुरी रहेको बताउनुभयो । “सीमापारीबाट अवैध रुपमा साइकल, मोटरसाइकल, चिनी, दाल, किराना सामान, कपडालगायत अन्य सामग्री खरिद गर्ने काम व्यवसायीले बन्द गर्नुपर्छ”, उहाँले भन्नुभयो ।

लुम्बिनी प्रेस क्लबको अध्यक्ष सम्झना शर्माले सिद्धार्थ उद्योग वाणिज्य सङ्घले सस्तो बजार लगाएर आर्थिक अवस्था कमजोर भएका नागरिकलाई राहत दिनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा उद्योग वाणिज्य सङ्घका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले उद्योगी व्यवसायीले बिलबिजक बिनाको समान खरिद नगर्न आग्रह गर्नुभयो । “कसैले पनि बिलबिजक बिनाको समान किन्नु अवैध हो”, उहाँले भन्नुभयो, “अवैध कार्यमा संलग्न जुनसुकै व्यपारीलाई प्रहरी प्रशासनले कारबाही गरेमा हामीले उनीहरुको बचाउमा एक शब्द पनि खर्चिन्नौँ ।” अध्यक्ष श्रेष्ठले भन्सार प्रशासनले संक्षिप्त प्रज्ञापनपत्रको कडाइ गरेकोप्रति स्वागत गर्दै यस कार्यले नेपाली व्यवसायीलाई राहत मिलेको बताउनुभयो । “यताका किराना पसल, कपडा पसल, हार्डवेयर पसललाई केही राहत मिलेको छ, भन्सार राजस्व बढेको छ । राज्य र नागरिकलाई फाइदा भएको छ । हामी भन्सार र प्रहरी प्रशासनको उक्त कार्यको प्रशंसा गर्दछौँ”, उहाँले भन्नुभयो ।

अध्यक्ष श्रेष्ठले सीमावर्ति भारतीय व्यपारीले केही दिन अगाडि पत्रकार सम्मेलन गर्दै उद्योग वाणिज्य सङ्घले रोकेको भन्ने गलत प्रचार गरेकोप्रति ध्यानकर्षण भएको बताउनुभयो । उहाँले भन्नुभयो, “हामीले बोडरमा गएर रोकेका छैनौँ, यति अनुरोध छ कि सीमापारीबाट अवैध समान आउनु हुदैन । रासस

# टिकट महँगो भएको भन्दै अर्थमन्त्रीको ध्यानाकर्षण

काठमाण्डु । नेपाल एसोसिएसन टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)ले सरकारले भ्याट लगाउँदा हवाई टिकट महँगो भएको भन्दै अर्थमन्त्रीको ध्यानाकर्षण गराएको छ ।

नाट्टाका अध्यक्ष रमेश थापा नेतृत्वको टोलीले बुधबार अर्थमन्त्री डा प्रकाशशरण महतलाई भेटेर आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत हवाई टिकटमा भ्याट लगाउँदा ज्यादै महँगो भएको उल्लेख गर्दै उक्त निर्णय फिर्ता लिन माग गरेको हो ।

“नेपालमा हाल आन्तरिक तथा अन्तर र्ष्ट्रिय भाडादर ज्यादै महँगो रहेकाले यही अवस्थामा भ्याटसमेत थप्दा भाडादर महँगो भई पर्यटक आवागमन नै घट्ने, नेपालमा भाडादर महँगो तथा सीमा नजिक हुँदा बागडोगरा, गोरखपुरलगायतका हवाईमैदान रोज्ने सम्भावना रहेको छ”, अध्यक्ष थापाले भन्नुभयो । सरकारले १० लाख बढी पर्यटक भित्र्याउने लक्ष्य राखिरहँदा उक्त निर्णयले गम्भीर असर पर्ने उहाँको भनाइ छ । नेपालमा मात्र भ्याट लगाउँदा नेपालका ट्राभल एजेन्सीले जारी गर्ने टिकट महँगो हुने र अनलाइन तथा विदेशबाट टिकट लिँदा सस्तो पर्ने भएकाले धैरै टिकट विदेशबाट लिने र विदेशी मुद्रा आर्जन गुम्नुका साथै ट्राभल एजेन्सीले दिएको रोजगारी र व्यवसायीसँग सरकारले पाइरहेको कर गुम्ने खतरा बढेको नाट्टाले जनाएको छ ।

नेपाली नागरिक विदेश घुम्न जाँदा यात्रुले पाएको विदेशी मुद्राको सहुलियतबाटै प्याकेज टुर खरिद गर्नुपर्ने व्यवस्था परिवर्तन गर्नुपर्ने नाट्टाको माग छ ।रासस

# तरकारी र फलफूलमा ‘भ्याट’ नलगाउन माग

काठमाण्डु । उपभोक्ताहित सरोकारसँग सम्बन्धित संस्थाले नयाँ बजेटमा आयातित तरकारी, फलफूल र खाद्य वस्तुमा उपभोक्तालाई १३ प्रशित भ्याट लगाउने नीति खारेज गर्न माग गरेका छन् ।

ती संस्थाले उपभोक्तालाई आर्थिक भारपर्ने नीतिको विरोध गर्दै हाल आलुप्याजलगायतका सामानको आयातामा भन्सार बिन्दुमै नौ प्रतिशत कृषि सेवा शुल्क, अग्रिम आयकर एक दशमलव पाँच र १३ प्रतिशत भ्याट थप हुँदा यस्ता वस्तुमा २३ दशमलव पाँच प्रतिशत कर लाग्ने भएको जनाएका छन् ।

सरकारको नीति तथा कार्यक्रम, बढ्दो महँगी, अनियन्त्रित बजार र उपभोक्ता अधिकारका विषयमा बिहीबार पत्रकार भेटघाट गरी ती संस्थाले बजार अनुगमनका लागि तिनै तहका सरकारबीचका संयन्त्रलाई प्रभावकारी बनाउन माग गरेका छन् ।

उपभोक्ता हित संरक्षण मञ्च नेपालका अध्यक्ष ज्योति बानियाँ, राष्ट्रिय उपभोक्ता मञ्चका उपाध्यक्ष पुष्पराम पौडेल र उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाद्वारा प्रेस विज्ञप्तिमा कृत्रिम अभाव, मूल्यवृद्धि, एकाधिकार र ‘ कार्टेलिङ’ गरी गुणस्तरहिन वस्तु र सेवाको बिक्री, भ्रमपूर्ण विज्ञापन, मूल्य र नापतौल ठगी तथा स्वच्छ प्रतिस्पर्धाविरुद्धका कार्यलाई कडाइका साथ नियन्त्रण गर्न माग गरिएको छ ।रासस


## नेपाल भेडिहर गडेरी (SHEPHERD) समाज केन्द्रिय कार्य समिति

**जनकपुरधाम – ८, धनुषा, नेपाल**

## शटर /पसल खाली गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक स्थित सिट नं. १३५५०६ कि.नं. ८३ र सिट नं. १३५५११ कि.नं. ९४ मा नेपाल भेडिहर (गडेरी) समाजको स्वामित्वमा रहेको वैदेही वल्लभ भगवान भेडिहर (गडेरी) कुट्टी/मठको तपाईहरुसँग भएको शटर भाडा करार सम्झौता गत आ.व. २०७८।०७९ असारमा समाप्त भएको कुरा यहाँहरुलाई जानकारी नै छ । साथै यस भेडिहर कुट्टी/मठको पुरानो जिर्ण भवन भत्काई नयाँ भवन बनाउने कार्य योजना अन्तरगत नक्सा पास सहीतको काम अन्तिम चरणमा पुगिसकेको कुरा समेत जानकारी गराउन चाहन्छु । तसर्थ नयाँ भवन निर्माणको लागि शटर पसलहरुको बाँकी बक्यौता रकम तिरेर दोकान/शटर खाली गरिदिनको लागि २०७९।०५।१८ गते शनिबार बैठक नं. १५ को निर्णय ३ बमोजिम समूहिक रुपमा जानकारी गराउनुको साथै विभिन्न समयमा भद्र सहमती मौखिक रुपमा र मिति २०७९।०५।२० र २०७९।१०।१५ गतेमा दुई पटक लिखित रुपमा शटर खाली गर्नको ताकेता गरेता पनि हालसम्म बाँकी बक्यौता रकम समेत नतिरेको र शटर/पसल खाली समेत नगरेकोले पुनश्चः सार्वजनिक सूचना मार्फत अन्तिम पल्टको लागि ३५ दिनभित्र आफू माथि रहेको भाडा रकम तिरी शटर/पसलहरु खाली गरिदिनुहुनको लागि तपसिल बमोजिम भाडेदारहरुको लागि यो ३५ दिने सूचना जारी गरिएको छ । अन्यथा कानून बमोजिम कार्यवाही हुनेछ ।

तपसिलः–

श्री प्रमेश्वर राय (पान पसल),
श्री बिनोद प्रसाद गुप्ता (औषधी पसल),
श्री श्रवण यादव (पुस्तक पसल),
श्री बिनोद राउत कुर्मी (तरकारी तथा फलफूल पसल),
श्री राजिव कुमार साह (मोबाइल मरम्मत पसल),
श्री रामेश्वर साह (जेनरल स्टोर्स),
श्री बिकाउ ठाकुर / शैलेन्द्र ठाकुर (सैलुन)



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मिति: २०८०/०३/०८**

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट सिटिजन्स फाष्ट ट्र्याक-आवधिक कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सोको हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **“धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना”** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्र्याक–आवधिक कर्जा**

**ऋणीहरुको नाम र ठेगाना**

१. नाम : केदार नाथ गौतम
बाबु : तारानाथ गौतम
वाजे : कृष्ण प्रसाद गौतम
ठेगाना : घ्याङलेख गा.पा.-१, सिन्धुली
हालको ठेगाना : बर्दिबास न.पा.-११, महोत्तरी
ना.प्र.नं. : १७१८/४८१८
जारी मिति : २०५३/०४/१३, प्रतिलिपि मिति २०७५/०८/०३
जि.प्र.का. : सिन्धुली

२. नाम : झम्का प्रसाद गौतम
बाबु : केदार नाथ गौतम
बाजे : तारानाथ गौतम
ठेगाना : खयरमारा गा.वि.स.-४, महोत्तरी
हालको ठेगाना : बर्दिबास न.पा.-११, महोत्तरी
ना.प्र.नं. : ४६४७४१६३
जारी मिति : २०६०/०२/१८, प्रतिलिपि मिति २०७२/०४/१०
जि.प्र.का. : महोत्तरी

**जमानीकर्ताको नाम र ठेगाना**

नाम : हेम कुमारी गौतम
पति : झम्का प्रसाद गौतम
बाबु : नेत्र प्रसाद पहाडी
ससुरा : केदार नाथ गौतम
ठेगाना : खयरमारा गा.वि.स.-४, महोत्तरी
हालको ठेगाना : बर्दिबास न.पा.-११, महोत्तरी
ना.प्र.नं. : १८३०७७/७१०
जारी मिति : २०६३/१०/०९
जि.प्र.का. : महोत्तरी

**धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको नाम :– केदारनाथ गौतम**

| | |
|---|---|
| सि.नं | १. |
| जिल्ला | महोत्तरी |
| न.पा./गा.वि.स. | खयरमारा |
| वडा नं/नक्सा सिट | ४/४क |
| कि.नं. | ६७२ |
| क्षेत्रफल (बि.क.धु) | ०-८-०.५-० |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४४२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

# 'पचास प्रतिशत आमाले शिशुलाई स्तनपान गराउँदैनन्'

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको पोषण अवस्थामा सुधारका लागि मधेश प्रदेशका स्वास्थ्यकर्मीले प्रतिबद्धता जनाएका छन् ।

प्रदेशको स्वास्थ्य निर्देशनालयद्वारा आयोजित प्रदेश स्तरीय दुई दिने पोषण कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा सम्बन्धी कार्यशालाको समापनमा सहभागी स्वास्थ्य क्षेत्रका अगुवाहरूले बालबालिकालाई

यसपटक प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा सुधारका लागि छुट्टै मन्त्रालय गठन गरी कुल बजेटको १२ प्रतिशत बजेट मन्त्रालयका लागि विनियोजन गरेकाले स्वास्थ्यमा सुधार हुने आशा यादवको छ ।

प्रादेशिक अस्पतालका निर्देशक एवं वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. रामनरेश पण्डितले मधेश प्रदेशमा ५० प्रतिशत महिलाले शिशुलाई स्तनपान नगराउने गरेका कारण पनि



कुपोषित हुनबाट रोक्न सबै प्रकारका उपाय अवलम्बन गर्ने प्रतिबद्धता जनाएका छन् ।

प्रदेशमा करीब १० हजारको संख्यामा कुपोषित बालबालिका रहेको मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव एवं वरिष्ठ बाल रोग विशेषज्ञ डा. प्रमोद कुमार यादवले जानकारी दिए ।

मधेश प्रदेशमा खाना खाने आनीबानी परिवर्तन भएको र करेसाबारी लोप हुँदै गएकोले गर्भधारणका बेला महिलाहरूलाई पोषणयुक्त खानाको अभाव हुने गरेको उनले बताए ।

बालबालिका कुपोषणको शिकार बन्ने गरेको उल्लेख गर्दै उनीहरुलाई स्तनपानका लागि प्रोत्साहित गर्नुपर्नेमा जोड दिए ।

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाका प्रमुख डा. श्रवण कुमार मिश्रले मधेशमा पोषिलो खानेबारे आमा र बालबालिकालाई चेतना दिनुपर्ने बताए ।

मधेश प्रदेशका स्वास्थ्य निर्देशक डा. राजीव कुमार झाले जंक फुडको प्रयोग पूर्णरुपमा निषेध तथा सम्बन्धित पालिकाहरूसँग समन्वय गरी प्रदेशलाई पोषणयुक्त प्रदेश बनाउने बताए ।

# कार्यवाहक मुख्यमन्त्रीमा कृष्णा



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी भौतिक पूर्वाधार विकास मन्त्री कृष्णा प्रसाद यादवलाई दिइएको छ ।

मुख्यमन्त्री सरोज कुमार यादव देश बाहिर गएपछि उनलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिइएको छ । मुख्यमन्त्री सरोज कुमार यादवको आमा सिकिल देवी बिरामी भएकी छन् ।

उनलाई उपचारको लागि भारत लगिएको छ । मुख्यमन्त्री यादव पनि आमासँगै उपचारको लागि भारत गएपछि कृष्णालाई सात दिनको लागि कार्यवाहक मुख्यमन्त्री बनाइएको मुख्यमन्त्रीका प्रेस सल्लाहकार सीताराम अग्रहरीले जानकारी दिए ।

मधेश प्रदेशमा ६ दलीय गठबन्धनको सरकार छ । सरकारको नेतृत्व जसपाले गर्दै आएको छ ।

प्रदेश सरकारको काम प्रभावित नहोस् भनेर मन्त्रिपरिषद्को दोस्रो वरियता क्रमका मन्त्री कृष्णालाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिइएको छ ।

# 'नगरको समग्र विकासमा प्रदेश सरकार प्रतिबद्ध छ'

**टुडे समाचारदाता**

गौर । मधेश प्रदेशका वन तथा वातावरणमन्त्री रवीन्द्रप्रसाद कुर्मीले वातावरण संरक्षणको लागि सबैले वृक्षरोपण गर्नुपर्ने बताएका छन्।

रौतहटको ईशनाथ नगरपालिकाको आर्थिक वर्ष ०८०/०८१ को नीति तथा कार्यक्रम तथा सातौँ नगर सभाको उद्घाटन गर्दै मन्त्री कुर्मीले पानीको मुहान सुकिसकेको तथा पानीको सतह घट्दै जाँदा टयांकीबाट पानी सप्लाई गर्नुपरेको बताए।

मन्त्री कुर्मीले आफू प्रदेश सरकारमा रहेसम्म भ्रष्टाचार हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै भ्रष्टाचार निर्मूल पार्न सबैले लाग्नुपर्ने धारणा राखे।

ईशनाथ नगरपालिकाको नगर सभाको सफलताको कामना गर्दै मन्त्री कुर्मीले विगतको सरकार भन्दा अहिलेको प्रदेश सरकारको कामको सराहनीय रहेको भन्दै मन्त्री कुर्मीले प्रदेश सरकारले गरिरहेको कामको राम्रा तथा नराम्रा दुबै पक्ष उजागर गर्न सञ्चारकर्मीसँग आग्रह गरे।

नगर सभामा ईशनाथ नगरपालिकाका नगरप्रमुख कौशल्या देवीले चालु आर्थिक वर्षमा भएको स्वास्थ्य, सामाजिक विकास, भौतिक पूर्वाधार, सुशासन सेवा प्रवाह बारे प्रकाश पारे ।

नागर सभामा उपप्रमुख परवेज आलमले आर्थिक वर्ष ०८०/०८१ को लागि ५० करोड ६९ लाखको बजेट प्रस्तुत गरेका छन् ।

उनले चालुतर्फ ३० करोड ८८ लाख तथा पुँजीगत खर्च तर्फ १९ करोड १२ लाख रहेको तथा वडाको पुँजीगततर्फ ५० लाख तथा चालुतर्फ पाँच लाख विनियोजन गरिएको जानकारी दिए।

नगर सभामा वडाध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी, पत्रकार, सुरक्षाकर्मीलगायत नगरवासीको उपस्थिति रहेको ईशनाथ नगरपालिका प्रमुख प्रशासकीय अधिकृत भूदेव झाले जानकारी दिए।




# ट्रयाक्टरसहित चोर पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीले चोरीको ट्रयाक्टरसहित एक जनालाई नियन्त्रणमा लिएको छ ।

बिहीबार धनुषाधाम नगरपालिका- ५ का २६ वर्षीय धमेन्द्र कुमार साहलाई पक्राउ गरेका छन् ।

बुधबार धनौजी गाउँपालिका- ३ का फिरोज साहुको ज१त ८६९१ नम्बरको ट्याक्टर चोरी भएको थियो ।

सोही ट्याक्टरसहित साहलाई क्षीरेश्वरनाथ नगरपालिका-८ दिगम्बरपुरबाट प्रहरीले पक्राउ गरेको धनुषाका प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए ।

उनका अनुसार पक्राउ परेका साहलाई धनुषा प्रहरीको हिरासतमा राखिएको छ । यस विषयमा थप अनुसन्धान भइरहेको छ । अनुसन्धान पूरा भएपछि ट्याक्टर सवारी धनीको जिम्मा लगाउने प्रहरीको तयारी छ ।

त्यस्तै, रौतहटमा पनि चोरीको मोटरसाइकलसहित मानिस पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका वडा नम्बर १० का दशरथ साह कानुको छोरा १९ वर्षीय अर्जुन साह कानु रहेका छन् ।

गत असार ३ गते दिउँसोको समयमा जिल्लाको चन्द्रपुर नगरपालिका वडा नम्बर ९ स्थित डुमरिया बजारको साइडमा पार्किङ गरी राखेको अवस्थामा मोहन कुमारको नाममा दर्ता रहेको ना. ४५ प. ७५५१ नम्बरको सिबि साइन एसपि कम्पनीको मोटरसाइकल चोरी भएको थियो ।



चोरी खबरपछि ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटबाट तत्काले प्रहरी नायव उपरीक्षक एक नारायण कोइरालासमेतको प्रहरी टोली खटी गइ खोजतलास गर्ने क्रममा सोही दिन उक्त बाइक फेला पारेको थियो ।

जिल्लाको फतुवा विजयपुर नगरपालिका वडा नम्बर ११ शहीद बजार चोक स्थितमा कानुलाई उक्त मोटरसाइकलसहित फेला पारी पक्राउ गरेको थियो ।

पक्राउ परेका कानुलाई जिल्ला अदालत गौरबाट म्याद थप गरी आवश्यक अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक उमा शंकर प्रसाद यादवले जानकारी दिए ।

# बालिकाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा सर्पदंशबाट एक बालिकाको मृत्यु भएको छ ।

जिल्लाको बटेश्वर गाउँपालिका -१, चित्रपुरका श्रीलाल महतोको पाँच वर्षीया छोरी सन्ध्याकुमारी महतोको मृत्यु भएको छ।

घरमा सुतिरहेको अवस्थामा बालिकालाई सर्पले डसेको थियो । उपचारका लागि सिरहाको बन्दीपुरस्थित सर्पदंश उपचार केन्द्रमा लगिए पनि बचाउन नसकिएको मृतक बालिकाका बुवा श्रीलाल महतोले बताए।


## पत्रकार आचारसंहिताको पालना गरौं

**पत्रकार तथा सञ्चारमाध्यमले कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन, प्रसारण गर्दा घटनासँग असम्बन्धित नातेदार वा नजिकका व्यक्तिको नाम जोडी मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी कुनै पनि सामाग्री प्रस्तुत गर्नु हुँदैन् ।**

**यौन अपराध, सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको सचेत स्वीकृति र प्रभावको मूल्याङ्कन विना नाम ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बीर र दृश्य उत्पादन वा प्रकाशन, प्रसारण गर्नु हुँदैन् ।**

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण



## योग्यता, स्वच्छता, निष्पक्षता: लोक सेवा आयोगको प्रतिबद्धता

- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं ।
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा-पलायन हुनबाट रोक्ने वातावरण निर्माण गरौं ।
- निर्भिक एवम् निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसर प्रयोग गरौं र गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# नगरपालिकाद्वारा ४० करोड ३३ लाख बढी बजेट सार्वजनिक

**टुडे समाचारदाता**

बर्दिवास । महोत्तरीको औरही नगरपालिकाले ४० करोड ३३ लाख भन्दा बढीको बजेट सार्वजनिक गरेको छ ।

बिहीबार नगरपालिकाको १२ औं नगरसभामा अगामी आर्थिक वर्ष ०८०/०८१ को लागि ४० करोड ३३ लाख ५९ हजार ५०० रुपैयाँको बजेट प्रस्तुत गरेको छ ।

नगरप्रमुख प्रदीपकुमार खड्काले संघीय सरकारबाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृ निकाय एवं संघ संस्थाबाट उपलब्ध भएको श्रोत अनुमान विवरणका आधारमा सो रकमको बजेट प्रस्तुत गरेको जानकारी दिए ।

उनले कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ ८ करोड ३८ लाख, शिक्षा तथा खेलकुदतर्फ १३ करोड ८४ लाख ६० हजार, स्वास्थ्यतर्फ ३ करोड ६३ लाख, कृषि तथा पशुपक्षीतर्फ २ करोड ५५ लाख, ऊर्जातर्फ २२ लाख रुपैयाँ अनुमानित आय प्रस्तुत गरे ।

यस्तै उद्योग तथा रोजगार प्रवर्द्धनतर्फ करोड ९ लाख, पञ्जीकरणतर्फ ९ लाख, पूर्वाधारतर्फ ७ करोड ५२ लाख ९९ हजार ५००, बस्ती विकास( दलित आवास कार्यक्रम)तर्फ २ करोड र खानेपानीतर्फ १ करोड रुपैयाँ गरी कूल ४० करोड ३३ लाख ५९ हजार ५०० रुपैयाँको बजेट नगरसभामा पेश गरेको नगरप्रमुख खड्काले जानकारी दिए।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीको उपस्थितिमा भएको नगरसभामा नगरप्रमुख खड्काले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष ०८०/०८१ का लागि वार्षिक नीति तथा कार्यक्रममा कृषि, शिक्षा, स्वास्थ्य, रोजगार, सिचाईजस्ता क्षेत्रलाई प्राथमिकता दिइएको छ ।





## आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com



## हार्दिक बधाई



नेपाल राष्ट्रिय मारवाड़ी युवा संगठनको चौथो अधिवेशनबाट निर्विरोध केन्द्रीय सदस्यमा निर्वाचित मारवाड़ी युवा मंच जनकपुरका **अभिषेक अग्रवाल**, मारवाड़ी युवा मंच लहानका **चेतन मुरारका** र मारवाड़ी युवा मंज राजविराजका **विशान्त जैन**लाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**राहुल सिंघानिया**
क्षेत्रीय सभापति 'ग'

संगठन संस्कार सेवा समुन्नति
ने. रा. मा. यु. सं.
युवा शक्ति, राष्ट्र शक्ति
नेपाल राष्ट्रिय मारवाड़ी युवा संगठन



## लम्पी स्किन रोगबारे अत्यन्त जरूरी सूचना

देशैभरि लम्पी स्किन रोगको प्रकोप फैलिएको छ । यो रोग झिंगा (डाँस), भुसुना, लामखुट्टे किर्नाको टोकाइबाट सर्ने सङ्क्रामक रोग हो । गाई, भैसीको छालामा साह्रौ गिर्खा देखिने र उच्च ज्वरो आउने गर्दछ । दूध समेत उत्पादन घट्छ ।

**रोग देखिएका गाई-भैंसीलाई गरिने प्राथमिक उपचार :**

- ज्वरो घटाउनका लागि पारासिटामोल (वा मेलोकिसकेम) प्रयोग गर्ने
- फुटेको तथा आलो घाउ सफा गरी एन्टिसेप्टिक मलहम प्रयोग गर्ने
- रोगका कारण सिथिल भएको पशुलाई आवश्यकता अनुसार सलाइन दिने
- शरीरमा गिर्खाको संख्या अत्याधिक भएका पशुमा आइभरमेक्टिन सुई लगाउने
- घाउ पाकेको अवस्थामा प्राविधिकको सल्लाह अनुसार एन्टिवायोटिक्सको सुई लगाउने

**रोग लागेका गाई-भैसीको हेरचाह :**

- बथानबाट छुट्याएर अलग्गै राख्ने, ज्वरो आएको पशुलाई जोत्ने, गाडा तान्ने काममा नलगाउने
- प्रशस्त मात्रामा सफा पानी खान दिने, पातलो कुंडो वा नरम घाँस दिने, दाना, पानी राम्ररी नखाने पशुलाई सख्खर पानी वा गुँड पानी खुवाउने
- गोठमा झिंगा, भुसुना, लामखुट्टे, भुसुना तथा लाग्न नदिन स्प्रे गर्ने, गोठ तथा वरिपरी झाडी सफा गर्ने, गोठ फिनेलको घोलले सफा गर्ने, गोठमा अनावश्यक आवतजावत गर्न नदिने, रोगी पशुलाई सामुहिक चरणमा नलैजाने ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८